# परिच्छेद-एक
## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानिसको सचेतना र राष्ट्रको सभ्यता तथा विकासको आधारशिला शिक्षा नै हो । मानव सभ्यताको शुरुवात जङ्गली युग देखि हाल सम्मको सुविधाजनक, आरमदायी जीवनयापनको मूल कडीको रूपमा शिक्षालाई लिइएको छ । गुणस्तरीय शिक्षाले नै कुनै पनि व्यक्तिको शारीरिक, मानसिक, सामाजिक, आर्थिक, सांस्कृतिक, आध्यात्मिक नैतिक जस्ता सम्पूर्ण पक्षहरूको सर्वाङ्गिण विकास गराउन मद्धत पु¥याउने राष्ट्रको समुच्च विकासका लागि आवश्यक पर्ने दक्ष जनशक्तिहरुको सन्तुलित उत्पादन गर्ने कार्य पनि शिक्षाले नै गर्दछ । प्राचीन समयमा विभिन्न माध्यमबाट (देवालय गुरू आश्रम, वौद्ध विहार) शिक्षा लिने परिपाटी चलि आएको भएता पनि सामाजिक विकास र श्रृङ्खला संगै शिक्षालाई हेर्ने दृष्टिकोण तथा विकासमा परिवर्तन आउदै गयो । फलस्वरूप १९१० असोज २७ गते श्री जंगबहादुर राणाले अंग्रेजी माध्यमको स्कुल खोलेपछि शिक्षाको औपचारिक शुरुवात भएको पाइन्छ । (शर्मा, २०६८)

सामाजिक सचेतनाको वृद्धि हुदै जाने साथै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिवेशको प्रभाव स्वरूप शिक्षाको नीति संरचना प्रक्रियाहरु परिमार्जन तथा परिवर्तन गर्नुपर्ने हुन्छ तसर्थ यस कुरालाई मध्यनजर गरी बद्लिदो परिस्थिति संग सान्दर्भिक र शैक्षिक जगतलाई सुधार्ने उद्देश्यले शैक्षिक अभ्यास एवम् सिद्धान्त सम्बन्धी गहन अध्ययन गरी विभिन्न प्रतिवेदनहरू तयार गरियो । जस अर्न्तगत वि.सं. २०११ सालमा नेपाल राष्ट्रिय योजना आयोग गठन भई “नेपालमा शिक्षा” नामक प्रतिवेदन पेश ग¥यो । उक्त आयोगले शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, पाठ्यक्रम शिक्षण विधि, परीक्षा, विद्यालय सञ्चालन साथै शिक्षक तालिम सम्बन्धी विषयहरुमा सुझाव पेश गरेको छ । जसमा शिक्षा सम्वन्धि सुधारका प्रयास भएता पनि प्रभावकारी हुन नसकेको अवस्था रहेको थियो । वि.सं.२०१७ सालमा भएको राजनैतिक परिवर्तन पश्चात परिवर्तित अवस्था अनुसार नया शिक्षा प्रणाली लागू गर्ने उद्देश्यले सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ गठन भयो । उक्त आयोगले शिक्षण पद्धति, शिक्षण माध्यम, जीवन उपयोगी तालिम उच्च शिक्षामा सुधार गरि संगठित गर्नु साथै शिक्षक प्रशिक्षणलाई व्यापक र व्यवस्थित गराउन सुझाव तथा सिफरिस पेश गरेको छ । यस समितिको कार्य अवधिमा भएका कतिपय कुराहरूलाई सुधार्नुपर्ने

आवश्यकता महसूस गरी राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ विकास गरियो । यसै योजना देखि शिक्षा पद्धति व्यवस्थित गरिएको पाइन्छ । यस योजनाले शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयगत उद्देश्य, शिक्षाको संगठन, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक तालिम, शिक्षकका सेवा, प्रशासन, परीक्षा पद्धति, निरीक्षण मूल्याङ्कन जस्ता विषयमा आमुल परिवर्तन ल्यायो । पाठ्यक्रम कार्यान्वयनको योजना २०३८ का अनुसार शिक्षाको संगठनलाई कक्षा १-५ प्राथमिक, ६-७ निम्न माध्यमिक, ८-१० माध्यमिक, ११-१२ प्रविणता प्रमाणपत्र तह, १३-१४ स्नातक र १५-१६ लाई स्नातकोत्तर गरी संगठित गरेको छ । (अधिकारी, २०६७)

### १.१.१ उच्च माध्यमिक शिक्षाको अवस्था

उच्च माध्यमिक शिक्षा भन्नाले कक्षा ११ र १२ मा दिइने शिक्षालाई बुझाउँछ । यस तहको शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा लिइन्छ । माध्यमिक तहको अध्ययन पश्चात उच्च शिक्षा हासिल गर्न कुनै पनि वाधाहरू नआउन भन्ने महसूस गरी माध्यमिक शिक्षा पश्चात दुई वर्षको उच्च शिक्षालाई माध्यमिक शिक्षा अर्न्तगत नै राख्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी २०४९ सालमा उच्च माध्यमिक शिक्षा परिषद्को गठन भए पश्चात २०४९ सालकै शैक्षिक शत्र देखि उच्च माध्यमिक विद्यालयहरूमा पठनपाठन सुरू भएको हो । एस.एल.सी उर्त्तीण विद्यार्थीहरूलाई माध्यमिक विद्यालयकै शैक्षिक वातावरणमा शिक्षकको निगरानीमा अध्ययन गराउन उपयुक्त हुने, अधिकांश अभिभावकलाई बालवालिकाका लागि उच्च शिक्षामा गर्नुपर्ने खर्चमा कटौति हुने, विद्यालय शिक्षा र उच्च माध्यमिक शिक्षा बीचको दुरी कम भई विद्यार्थी उर्त्तीण दर वृद्धि हुने साथै ग्रामीण क्षेत्रका बालवालिकाहरुलाई शिक्षा लिन अवसर प्राप्त हुन गई शिक्षामा समान अवसरको सृजना हुने भएकाले उच्च माध्यमिक शिक्षाको आवश्यकता वढी रहेको छ । उच्च माध्यमिक शिक्षा ज्ञान र सीपको विशिष्टिकरण तर्फ जाने प्रथम चरण हो । यसको अध्ययन अवधि दुई वर्षको हुन्छ । प्रचलित माध्यमिक विद्यालयहरुमा कक्षा ११ र १२ थप गरेर उच्च माध्यमिक विद्यालयहरु संचालन गर्नुपर्दछ भन्ने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले उल्लेख गरेको छ । साथै उच्च माध्यमिक शिक्षामा गुणस्तर वृद्धि गर्न यस तहका विद्यालयहरुका सम्पूर्ण पूर्वधारको उपयुक्त तयारी गर्नु पर्ने निति अपनाउनु पर्ने र विश्व विद्यालय द्वारा सञ्चालित प्रमाणपत्र तह खोल्न २०५० साल पछि स्वीकृति बन्द गरी

पूर्णरूपमा प्रवीणता प्रमाण पत्रको कार्यक्रम संचालन उच्च माध्यमिक शिक्षातर्फ ल्याउनु पर्ने सुझाव प्रस्तुत गरेको छ ।

यसै गरी उच्च माध्यमिक शिक्षा सञ्चालन भइसके पश्चात राष्ट्रको तत्कालीन शिक्षा नीति कार्यक्रम तथा संगठनको अध्ययन एवम् विश्लेषण अनुसार २१ औं शताव्दीमा प्रतिस्पर्धा गर्न सक्ने स्वबलम्बी र दक्ष जनशक्ति निर्माण गर्नको लागि समय अनुसारको नीति तयार पारी प्रतिवेदन पेश गर्ने उद्देश्यले राष्ट्रिय शिक्षा आयोग २०५५ को गठन भयो । जसले उच्च माध्यमिक शिक्षा सम्बन्धि समस्याहरु तथा मुद्दाहरु उठाएको थियो । जुन मुद्दाहरुमा उच्च माध्यमिक तहको संरचना र व्यवस्थापनमा विभिन्नता, शिक्षक विद्यार्थीको बाहुल्यता, योग्य शिक्षकको अभाव, सुविधा, शुल्क र गुणस्तर, भौतिक पूर्वाधार आदि उल्लेख गरिएको छ । (शर्मा, २०६६)

शिक्षा विषय शुद्धरुपले शैक्षिक प्राविधिक र व्यवसायिक विषय भएकोले यसको व्यापकता बढ्दै गएको पाइन्छ । यस विषयको मुख्य उद्देश्यनै विद्यालयहरुमा अध्यापनकालागि आवश्यक दक्ष तालिम प्राप्त शिक्षक तयार गर्नु, शैक्षिक सूपरिवेक्षक, निरीक्षक, शिक्षाविद्, पाठ्यक्रमविद्, शैक्षिक व्यवस्थापक, सहजकर्ता साथै उच्च शिक्षाको लागि आवश्यक दक्ष, कुशल प्राध्यापकहरु तयार गर्नु हो, जुन कार्य शिक्षाशास्त्र संकायले गर्दै आएको छ । तसर्थ उच्च माध्यमिक शिक्षामा पनि २०४९ देखि कक्षा ११ र १२ मा शिक्षा विषयको पठन पाठन हुदै आइरहेको छ । उच्च माध्यमिक शिक्षाको शिक्षाशास्त्र संकाय अर्न्तगत कक्षा ११ मा जम्मा ५०० पूर्णाङ्क र कक्षा १२ मा अभ्यास शिक्षण (प्राक्टिकम) सहित जम्मा ५०० पूर्णाङ्क गरी कुल १००० पूर्णाङ्कको विषय अध्ययन गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ । (साउद, २०६८)

व्यवस्थापन र मानविकीको तुलनामा सवै भन्दा वढी विद्यार्थी शिक्षाशास्त्र संकायमा भर्ना भई अध्ययनरत रहेको विभिन्न शैक्षिक तथ्याङ्कहरुले बताउँछन् । शिक्षा विषय एक प्राविधिक विषय भएको कारण अभ्यासमुखी हुनु पर्ने भए पनि अधिकांश +२ तथा क्याम्पसहरुमा पुरानो विधिमै आधारित रहेका छन् । त्यसमा पनि सम्बन्धन बाँड्ने क्रममा कमजोरी देखिएको छ । त्रि.वि.को अनुगमन सयन्त्र कमजोर भएकोले क्याम्पस थपिदै जाँदा शिक्षा संकायमा विद्यार्थीहरुपनि थपिदै जाने हो भने शिक्षाशास्त्र क्याम्पसहरु अदक्ष र कमजोर जनशक्ति उत्पादन गर्ने कारखानाका रूपमा परिणत हुनसक्ने देखिन्छ । यस्तो अवस्थामा गुणस्तरीय शिक्षा र शिक्षणको अपेक्षा गर्न सकिदैन । तसर्थ त्रि.वि. ले नयाँ

सम्वन्धनलाई नियन्त्रण गरी संचालित भइरहेका क्याम्पसहरुको प्रभावकारी अनुगमन गरी शिक्षा संकायमा प्रभावकारी पठन पाठन निश्चित गर्नु पर्ने देखिन्छ । (पोखेल, २०६९)

### १.१.२ अभ्यास शिक्षणको ऐतिहासिक विकाशक्रम र परिचय

नेपालको शैक्षिक इतिहास केलाउँदा वि.सं. २००४ सालमा 'आधार शिक्षा' को अवधारणा संगै जन्मिएको आधार शिक्षक तालिम केन्द्र नै शिक्षक तालिमको प्रारम्भ बिन्दु ठहर्छ । यस पश्चात स्थापित नर्मल स्कुल, कलेज अफ एजुकेशन र त्रिभुवन विश्वविद्यालय जस्ता संस्थाहरुको उल्लेख्य योगदानहरु रहेको छ । वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धत्तिको योजना लागु भए पछि देशको सम्पूर्ण शैक्षिक व्यवस्थामा आमूल परिवर्तन गरी शैक्षिक व्यवस्था, स्वरुप र संगठनमा नयाँ खाले शैक्षिक कदमहरु अघि बढाइयो । वि.सं. २०२९ सालमा कलेज अफ एजुकेशन र नर्मल स्कुलहरुलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत गाभेर शिक्षाशास्त्र संकाय निर्माण गरी प्रमाणपत्र तहदेखि स्नातकोत्तर सम्म पठनपाठन गर्न थालियो । यस्ता कार्यक्रममा पनि अभ्यास शिक्षण र शिक्षक तालिमलाई निरन्तरता दिएको पाइन्छ । उच्च माध्यमिक शिक्षा ऐन २०४६ ले व्यवस्था गरेअनुसार  वि.सं. २०४९ साल देखि उच्च माध्यमिक शिक्षा परिषदद्धारा +२ तहमा शिक्षा संकायको व्यवस्था गरियो । त्यस्तै पुर्वाञ्चल, काठमाडौँ, नेपाल संस्कृत (महेन्द्र संस्कृत) विश्वविद्यालयहरुले पनि आफ्ना विश्वविद्यालयीय कार्यक्रमहरुमा शिक्षा शास्त्रको पठनपाठन सुरु गरेको पाइन्छ । सरकारी तथा गैह्र सरकारी स्तरमा विविध संस्थाहरुले शैक्षिक तालिम केन्द्र खोली विभिन्न विषयमा शिक्षक तालिम र अभ्यास शिक्षण कार्यक्रम संचालन गरिरहेका छन् । जुन कार्यक्रमहरु आज सम्म पनि चर्चित र लोकप्रिय भएका छन् जसलाई अभ्यास शिक्षणको पृष्ठभूमिको रूपमा लिन सकिन्छ । (नव प्रवर्तन, २०६८)

अभ्यास शिक्षण कार्यक्रम शिक्षाशास्त्र संकायका पाठ्यांशहरु मध्ये एक छुट्टै प्रकारको अनिवार्य पाठ्यांश हो । यसको मुख्य विशेषता विद्यार्थीहरुले क्याम्पस वा उच्च माध्यमिक विद्यालयका कक्षाकोठा भित्र सिकेका सैद्धान्तिक ज्ञानलाई व्यवहारिक रूपमा प्रयोग गरी सिक्ने  अवसर उपलव्ध गराउनु हो । अर्थात एक असल शिक्षक बन्नका लागि आर्जन गरेका ज्ञान-सीपहरुलाई विद्यालयका वास्तविक कक्षाकोठामा गई आफ्नो ज्ञान, सीप, क्षमतालाई विकसित गरी निखार ल्याउनु नै अभ्यास शिक्षण कार्यक्रमको मुख्य लक्ष्य हो । अभ्यस शिक्षणको पाठ्यांशमा छात्र शिक्षकहरुलाई विद्यालयहरुमा अभ्यास शिक्षणको साथसाथै

शिक्षण गर्नको लागि  विशिष्ट तथा व्यवहारीक उद्देश्यहरुको छनौट गर्न, पाठ्योजना निर्माण गर्न, मूल्याङ्कन दक्षताको विकास गर्न, सूपरिवेक्षण गर्न, विद्यालय प्रतिवेदन लेख्न, बालकको अवस्था अध्ययन प्रतिवेदन लेख्न, अतिरिक्त क्रियाकलाप संचालन, विभिन्न ढाँचाका प्रश्नपत्रहरुको निर्माण र कक्षा व्यवस्थापन सम्वन्धि कुराहरुको दक्षता समेत विकास गराइन्छ । यो कार्यक्रम शिक्षाशास्त्र संकाय अर्न्तगतका प्रत्येक तहको अन्त्य/अन्तिम वर्षमा आयोजना गरिन्छ । यस पाठ्यांशको पाठ्यभार एक वर्षे तथा तिन वर्षे वि.एड. मा १०० पूर्णाङ्क, स्नातकोत्तर र उच्च माध्यमिक तहमा ५० पूर्णाङ्क राखिएको छ । (शर्मा, २०६८)

अभ्यास शिक्षण कार्यक्रम संचालन गर्दा दुइ भागमा विभाजन गरी संचालन गरेको पाइन्छ जस अन्तर्गत पूर्वअभ्यास शिक्षण कार्यक्रम र विद्यालय शिक्षण कार्यक्रम पर्दछन् । विद्यालयमा आफ्नो शिक्षण कार्यलाई प्रभावशाली ढंगबाट  संचालन गर्न सकुन् र शिक्षण सिकाइको क्रममा आइपर्ने सम्भावित समस्याहरु र तिनका निदानका (समाधान) उपायहरुसँग विद्यालय शिक्षण पूर्वनै परिचित हुन सकुन् भन्ने उद्देश्यले क्याम्पस वा उच्चमाध्यमिक विद्यालयकै कक्षाकोठा भित्र सहयोगी विद्यालयमा जानु अघि आफूले सिकेको शिक्षा सम्वन्धि सैद्धान्तिक ज्ञानलाई सम्बन्धित विषय शिक्षकहरुको प्रत्यक्ष निगरानीमा आफ्नै सहपाठीहरु बिच वढीमा दई हप्ता सम्म गरिने पूर्व अभ्यास शिक्षण कार्यक्रमलाई पूर्व अभ्यास शिक्षण कार्यक्रम भनिन्छ । यसको पूर्णाङ्क उच्च माध्यमिक तहमा १० रहेको छ । पूर्व अभ्यास शिक्षणमा सफल भएका विद्यार्थीहरुले सहयोगी विद्यालयमा आफूले सिकेका सीप एवं ज्ञानलाई प्रयोगात्मक एवं व्यवहारिक ढंगबाट प्रयोग गर्दै शिक्षण गर्ने कार्यलाई विद्यालय शिक्षण कार्यक्रम वा अभ्यास शिक्षण कार्यक्रम भनिन्छ । यसको पूर्णाङ्क उच्च माध्यमिक तहमा ४० रहेको छ । यस कार्यक्रमको अन्त्यमा विषयगत प्रश्न र वस्तुगत प्रश्न निर्माण गर्नुको साथै कुनै असामान्य बालकको समष्टिगत अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने प्रावधान राखिएको छ । (शर्मा, २०५८)

### १.१.३ अभ्यास शिक्षण कार्यक्रमको उद्देश्य र महत्त्व

अभ्यास शिक्षण कार्यक्रमको मुख्य उद्देश्य विद्यार्थीहरुले कक्षाकोठामा आफ्ना शिक्षकहरु तथा विभिन्न पाठ्यपुस्तकहरुबाट सिकेका सैद्धान्तिक ज्ञानलाई व्यवहारिक जीवनमा अभ्यास गर्ने मौका प्रदान गरी दक्ष, सीपयुक्त र तालिम प्राप्त शिक्षकहरुको उत्पादन गर्नु नै हो । यसले शिक्षण पेशालाई निपुणता प्रदान गरेर गुणात्मक शिक्षामा जोड

दिएको छ । यस कार्यक्रमको उद्देश्य अनुसार छात्र शिक्षकहरु अभ्यास शिक्षणको अन्त्यमा निम्न कार्यहरु गर्न सक्षम हुनुपर्ने देखिन्छ : कक्षा शिक्षणका  योजना बनाउन र त्यसलाई कार्यान्वयन गर्न, शिक्षण विधि छनोट र प्रयोग गर्न, मूल्याङ्कनका साधन छनोट र प्रयोग गर्न, कक्षा व्यवस्थापन, परीक्षा सञ्चालन विद्यार्थीहरुका सिकाई कठिनाईहरु पहिचान गरी समाधान गर्न, अतिरिक्त क्रियाकलापको व्यवस्था गर्न, मूल्याङ्कन तथा प्रश्न निर्माण गर्ने सीपको विकास गर्न, सहपाठी शिक्षणको शिक्षण अवलोकन गरी उचित सुझाव दिन, शिक्षकको भूमिका र उत्तरदायीत्व वोध गर्न र पेशागत अनुभव प्राप्त गर्न उक्त कुराहरु प्राप्त गर्ने अभ्यास शिक्षणको उद्देश्य रहनुका साथै सैद्धान्तिक ज्ञानलाई ब्यवहारमा उत्तारेर अझ ठोस बनाउन  समेत अभ्यास शिक्षणले मद्धत गर्दछ जुन छात्र शिक्षकको  एक प्रयोगशाला हुन सक्ने साथै शिक्षण सम्वन्धि अनुभव तथा जानकारी प्राप्त हुने भएकोले वास्तविक शिक्षक भएर शिक्षण गर्दा दक्ष शिक्षकका रूपमा स्थापित हुन अभ्यास शिक्षणले सहयोग गर्ने भएकोले अभ्यास शिक्षण कार्यक्रम महत्त्वपूर्ण भएको पाइन्छ । (ठाकुर २०६७)

वर्तमान समय परिवर्तनको संघारमा उभिएको छ देशमा आएको परिवर्तनले नया बाटो तर्फ धकेलिरहेको छ । यसका साथमा हिजोका दिन देखि वर्तमान अवस्था सम्म आइपुग्दा नेपालमा शिक्षा र शैक्षिक अवधारणाहरु फेरवदल हुदै आएका छन् । वर्तमान समयमा प्रवीणता प्रमाणपत्र तहलाई हटाएर सम्पूर्ण माध्यमिक विद्यालयहरुमा उच्च माध्यमिक तहको पठन पाठन हुने अर्थात +२ लाई विद्यालय शिक्षाको रूपमा माध्यमिक विद्यालयमै समावेश गरी कक्षा १-८ आधारभूत शिक्षा र ८-१२ माध्यमिक शिक्षा भन्ने अवधारणा आइसकेको छ । (धमला र बिष्ट, २०६८)

## १.२ समस्याको कथन

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नुको केही न केही कारण हुन्छ जुन आफैमा एक समस्याको रूपमा रहेको हुन्छ । यस सोध अध्ययनमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था लाई नै समस्याको रूपमा लिएर अध्ययन गर्न खोजिएको छ ।

वि.सं. २०४९ देखि संचालित उच्च माध्यमिक विद्यालयहरु शहरी, सुगम, ग्रामीण तथा विकट क्षेत्रहरुमा समेत संचालन हुन थालेका छन् जे भएपनि सवै विद्यालयहरुमा अनिवार्य रूपमा +२ को कार्यक्रम संचालन गर्नाले निमुखा गरीब जनताको छोराछोरीले उच्च तहको शिक्षाबाट वञ्चित हुन नपर्नु र पठनपाठनमा सहजता पाउनु नै महत्वपूर्ण पक्ष

रहेको छ । उच्च माध्यमिक तहको शिक्षाशास्त्र संकाय तर्फ कक्षा १२ को अभ्यास शिक्षणको पाठ्यांश एक प्रयोगात्मक पाठ्यक्रम भएकोले यस संकायमा अध्ययनरत विद्यार्थीहरु भविष्यको शिक्षक वा शिक्षा कर्मचारी अपनाउने तिर उन्मुख रहन्छन् । शिक्षण एक प्राविधिक पेशा हो जसको लागि शिक्षण सीप र रणनीतिहरुको ज्ञान आवश्यक पर्छ जुन सीप तथा कलाको विकाश गर्न गराउन अभ्यास शिक्षण कार्यक्रमको भूमिका नै उल्लेखनीय रहेको छ ।

यस अनुसन्धानका लागि निम्न लिखित प्रश्नात्मक समस्याहरु उठान गरी समस्याको समाधान गर्न खोजिएको छ ।

- उच्च माध्यमिक तहमा शिक्षाशास्त्र संकाय तर्फ कक्षा १२ मा अभ्यास शिक्षण कार्यक्रम कसरी सञ्चालन भइरहेको छ ?
- उक्त कार्यक्रम तोकिएको मापदण्ड अनुसार कार्यान्वयन भएको छ/छैन ?
- सहयोगी विद्यालयका प्र.अ., शिक्षकले अभ्यास शिक्षणलाई कसरी लिएका छन् ?
- कार्यक्रम संचालन समय र निर्देशिका अनुरूप छ/छैन ?
- सम्वन्धित पक्षको उक्त कार्यक्रम प्रतिको धारणा कस्तो छ ?
- उनिहरुले छात्र शिक्षकलाई सहयोग पुऱ्याएका छन् ? छैनन् भने किन ?
- आन्तरिक सुपरिवेक्षक र वाह्य सुपरिवेक्षकले आफ्नो जिम्मेवारी सहि ढङ्गले निर्वाह गरेका छन्?
- उक्त कार्यक्रमले छात्र शिक्षकहरुमा शिक्षण सीप र अन्य विषयमा निपूणता प्रदान गरेको छ/छैन ?
- उक्त कार्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन ?
- उक्त समस्या समाधान गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ?
- आउने दिनहरुमा यसलाई अझ प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न के गर्नु पर्ला ?

जस्ता प्रश्नहरुको उपयुक्त उत्तरको खोजीलाई मध्यनजर गरी यो अध्ययन केन्द्रीत गरिने छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि विषयलाई लिएर अध्ययन अनुसन्धान गर्नुमा आ-आफ्नो छुट्टै औचित्य रहेको हुन्छ । कुनै पनि कार्य औचित्यहिन भएमा त्यसलाई अध्ययन अनुसन्धान नै गरिने थिएन । यो शोध अध्ययनमा पनि उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था शीर्षकमा अध्ययन गर्दा तोकीएको उद्देश्यहरुमा केन्द्रीत भएर आवश्यक पक्षहरुको पहिचान र खोजि गर्न नै प्रमुख औचित्य रहेको छ ।

कक्षा १२ को अन्त्यमा संचालित अभ्यास शिक्षणमा शिक्षाशास्त्र संकायका सवै विद्यार्थीहरु संलग्न हुनु पर्छ जसले भोलिका दिनहरुमा असल शिक्षक बनेर शिक्षण गर्नु पर्ने हुन्छ । शिक्षण पेशा एक प्राविधिक विषय भएकोले यसमा संलग्न व्यक्तिहरुमा शिक्षण सीप र कलाको विकास गराउन यस कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले शिक्षण पेशामा अग्रसर वा संलग्न जो सुकै व्यक्तिका लागि सकारात्मक सन्देश दिने कुरामा विश्वस्त गर्न सकिन्छ । वुँदागत रूपमा यस अध्ययनका निम्नानुसारका औचित्यहरु रहेका छन् ।

- अभ्यास शिक्षण सम्बन्धी आवश्यक योजना तथा नीति निर्माण गर्न सहयोगी हुनेछ ।
- उच्च माध्यमिक विद्यालयहरुले आगामी दिनमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रम सुधार गर्न मद्धत गर्दछ ।
- यस विषयमा अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरुका लागि सहयोगी हुनेछ ।
- शिक्षण सँग सम्वन्धित ज्ञान र सीप अभिवृद्धि गर्न सहयोग गर्नेछ ।
- अभ्यास शिक्षण कार्यक्रममा आउन सक्ने समस्या/चुनौतिहरुलाई समाधान गर्न सहयोगी हुनेछ ।
- शिक्षकलाई आवश्यक मार्गदर्शन प्रदान गर्नेछ ।
- सम्वन्धित निकायहरुलाई अभ्यास शिक्षण कार्यक्रम संचालन सम्वन्धि सुझाव प्रदान गर्न सहयोगी हुनेछ ।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु,

२. उक्त कार्यक्रमको प्रभावकारीता पहिचान गर्नु,

३. उक्त कार्यक्रमको कार्यान्वयनमा आएका समस्याहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनमा निम्न लिखित परिसीमाहरु रहेका छन् ।

१. यो अध्ययन सुनसरी जिल्लाको धरान र इटहरी नगरपालिकामा सिमित गरिएको छ ।

२. यो अध्ययन उच्च माध्यमिक तहको शिक्षा शास्त्र संकायमा मात्र सिमित गरिएको छ ।

३. शिक्षा विषयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई मात्र सिमित गरिएको छ ।

४. नमूना छनौट परेका उच्च माध्यमिक विद्यालय, सहयोगी विद्यालय, संयोजक, विद्यालय सुपरिवेक्षक, अभ्यास शिक्षण समितिका सदस्य र छात्र शिक्षकहरुमा मात्र यो अध्ययन सिमित गरिएको छ ।

५. शिक्षा संकायका दुइ ओटा सामुदायिक र दुइ ओटा संस्थागत उच्च मा.वि. लाई अध्ययनमा समावेश गरिएको छ ।

६. यो अध्ययन उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थाको अध्ययनमा सिमित गरिएको छ ।

# परिच्छेद-दुई

## सम्वन्धित साहित्यको पूनरावलोकन

अनुसन्धान गर्ने सन्दर्भमा अनुसन्धान गर्नु पूर्व विषयवस्तु संग सम्बन्धित साहित्य, लेख, रचनाहरुको पूर्व अध्ययन गरी समिक्षा गर्नु आवश्यक हुन्छ जसले गर्दा अध्ययन गर्न खोजीएको विषय वस्तुलाई नया ढंगबाट बढाउनका साथै अनुसन्धान तथ्यपूर्ण र सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्न, समस्याहरु प्रष्ट पार्न सहयोग गर्दछ । त्यसैले यस शोधपत्र तयार गर्दा गरीएका साहित्यको समीक्षा निम्नानुसार गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अर्न्तगत अध्ययनको विषयवस्तुसँग सम्वन्धित भै यसको शैद्धान्तिक पक्षमा विभिन्न योगदान पुऱ्याएका ज्ञानात्मक तथा निर्माणवादी सिकाई सिद्धान्तलाई लिइएको छ ।

*भिगोत्स्की (१८९६-१९३४)* ले निर्माणवादी सिद्धान्त प्रतिपादन गरे जुन सिद्धान्त बालवालिकाको स्वतस्फूर्त सृजनामा र बालवालिकाहरुका आफ्नै अनुभवमा आधारित छ । यसले अरूका अनुभव र शंकास्पद तथ्यहरुलाई नकार्छ । सिकाई प्रतिको नया चिन्तन, निर्माण र सोचमा नयापन दिने भएकोले यसलाई निर्माणवाद भनिएको हो । भिगोत्स्कीका अनुसार सामाजिक उत्पति सिकाइको प्रमुख आधार हो । सामाजिक उत्पति सामाजिक वातावरण, परिवेश र अर्न्तक्रियाको अवस्था हो । भिगोत्स्कीको सिकाई सिद्धान्तमा मुख्य गरी Private Speech, Scaffolding र Zone of Proximal Development तीनवटा मान्यतालाई प्राथमिकता दिएको पाइन्छ जसमा सिकाईका क्रममा विद्यार्थीहरुलाई स्वतन्त्र रुपमा विषय वस्तुको बारेमा बोल्न वा बुझ्न दिने र उनीहरुको अभिव्यक्ति अनुसार गलत धारणालाई स्पष्ट बनाउन शिक्षक वा बिज्ञले सहयोग गर्नु पर्दछ जुन कार्यलाई Scaffolding भनिन्छ । यसरी Scaffolding को माध्मबाट सिकारुले प्राप्त गरेको गर्न सकिने सिकाईको सम्भावित क्षेत्रलाई Zone of Proximal Development भनिन्छ । जसले गर्दा सिकारुले आफ्नै क्षमताको आधारमा समस्या समाधान गर्न सक्छ ।

अभ्यास शिक्षणमा उपयोगः- सिकाई प्रक्रियामा बालकलाई सक्रिय रूपमा सहभागी गराउने, व्यक्तिगत भिन्नता पहिचान गर्ने, बालकलाई खोज विधिमा सरिक गराउने, सिकाई समस्या समाधान गर्ने, शिक्षक विद्यार्थीहरुलाई अर्न्तक्रिया गर्न उत्साहित गराउने, शैक्षिक

सामग्री र विधि छनोट र प्रयोग गर्ने कार्यको लागि भिगात्स्कीको सिद्धान्त अभ्यास शिक्षणमा उपयोगी रहेको छ ।

पियाजे (१८९६-१९८६) ले ज्ञानात्मक सिद्धान्तको प्रतिपादन गरे जुन सिद्धान्त ज्ञानात्मक मनोविज्ञानमा आधारीत उच्चस्तरको र प्रसिद्ध सिद्धान्त हो । यस सिद्धान्तमा वाल विकाश कसरी हुन्छ भनी हरेक क्रियाकलापलाई विकासको प्रक्रिया अर्न्तगत अध्ययन गरेका छन् । उनका अनुसार बालकले आफ्नो पूर्व ज्ञान तथा परिपक्वताका आधारमा वातावरणसँग सम्मिलित, सम्झौता र सन्तुलन कार्य गर्छ जुन कार्य फरक फरक उमेर र फरक फरक तरिकाले गर्नु नै उनले बालकको मानसिक विकासमा फरकपन आउनु हो भनेका छन् । यसरी फरक फरक उमेर समूहमा हुने विकासलाई पियाजेले ४ वटा चरणमा विभाजन गरेका छन् जसलाई बालकको ज्ञानात्मक विकासका चरण पनि भनिन्छ । ज्ञानात्मक विकासको पहिलो चरणलाई पियाजेले इन्द्रिय चाल चरण भनेका छन् । जन्म देखि दुई वर्ष सम्मको यो अवस्थामा भाषाको अनुपस्थिति हुने भएकोले बालबालिकाले प्रत्यक्ष अर्न्तक्रिया गर्न सक्दैनन् भने इसारा, संकेत, हाउभाउ आदि द्बारा प्रतिक्रिया देखाउछन्। ज्ञानात्मक विकासको दोस्रो चरण पूर्व क्रियात्मक चरण २ देखि ७ वर्ष सम्मको रहेको छ । यस चरणमा बालकले संकेतका साथै भाषागत रूपमा पनि प्रतिक्रिया देखाँउछ । ज्ञानात्मक विकासको तेस्रो चरण ठोस कार्यत्मक चरण ७ देखि ११ वर्ष सम्मको रहेको छ । यस चरणमा बालबालिकाहरुको संख्यात्मक अभिब्यक्ति, ठोस वस्तु पहिचान, सामान्यीकरण, वर्गीकरण आदि गर्न सक्ने क्षमताको विकास भएको हुन्छ । ज्ञानात्मक विकासको चौंथो चरण औपचारिक क्रियात्मक चरणमा १२ वर्ष भन्दा माथिका उमेर समूह रहेका छन् । यस अवस्थाका बालबालिकाहरु औपचारिक रूपमा कार्यहरु गर्न सक्ने हुन्छन् । यस चरणमा बालबालिकाहरु समस्या समाधान गर्ने, विकल्प छनोट गर्ने, कथा लेख्ने, विभिन्न  ठोस कार्य गर्ने, अनुमान र कल्पनायुक्त कार्य गर्ने जस्ता क्षमताको विकास भएको हुन्छ । पियाजेले प्रतिपादन गरेको ज्ञानात्मक सिद्धान्त सिकाइसँग लागू हुन्छ ।

**अभ्यास शिक्षणमा प्रयोगः-** पियाजेको ज्ञानात्मक सिद्धान्त वाल विकाश सँग सम्वन्धित भएकोले विद्यालयका बालवालीकाहरुको धारणा बुझ्न, शिक्षण योजना निर्माण गर्न, शिक्षकलाई बाल मनोविज्ञान अनुसार शिक्षण व्यवस्था सञ्चालन गर्न,विद्यार्थीहरुमा विषयवस्तु प्रतिको पूर्वज्ञान पत्ता लगााउन उपयोगी रहेको छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

साउँद (२०६८) ले उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि तयार पारिएको शोधपत्रमा उल्लेख गरे अनुसार उक्त शोधपत्र अभ्यास शिक्षण शिक्षणको नीतिगत प्रावधानहरु पहिचान गर्नु, अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउन, अभ्यास शिक्षणले शिक्षकको शिक्षण सीपमा ल्याएको परिवर्तनको पहिचान गर्न र उक्त कार्यक्रम कार्यान्वयनमा आएका समस्या पहिचान गर्ने उद्देश्यमा केन्द्रित भएर गरिएको थियो । उल्लेखित उद्देश्यमा केन्द्रित भएर गरिएको शोधकार्यमा उक्त कार्यक्रम निर्देशिका अनुसार सञ्चालन भएपनि कतिपय कार्य मनोमानी ढंगले गरेको कुरा उल्लेख गरेको पाइन्छ । सुपरिवेक्षणमा नियमितता नभएको,पाठयोजना निर्माण गरेपनि उद्देश्य छनोटमा कठिनाई आएको शैक्षिक सामग्री निर्माण र प्रयोमा भने सफलता देखिएको कुरा शोधपत्रमा उल्लेख गरिएको छ । छात्र शिक्षकको शिक्षण सीपमा व्यवहारिक परिवर्तन गरेको भएता पनि सहयोगी विद्यालयको अभाव, पाठ्पुस्तकको समस्या, सुपरिवेक्षकको कमी जस्ता समस्याहरु भएको कुरा उक्त शोधपत्रमा उल्लेख गरिएको छ ।

प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव सम्वन्धि बास्तोला ( २०६२) द्वारा गरिएको शोध अध्ययन अनुसार- अभ्यास शिक्षण एक शिक्षण तालिम हो । यो सेवा प्रवेश गरेका वा नगरेको दुवै व्यक्तिहरुका लागि उपयोगी मानिन्छ । शिक्षण सेवामा प्रवेश गर्नु पूर्व यसलाई पूर्व सेवाकालिन तालिमको रूपमा र सेवा प्रवेश पश्चात सेवाकालिन तालिमको रूपमा व्यवस्था गरिएको पाइन्छ ।

अधिकारी (२०६६) माध्यमिक तह अध्यापन अनुमति पत्रमा उल्लेख गरे अनुसार- कुनै पनि कार्य पूर्व तयारी साथ सुव्यवस्थित, सुनिश्चित रूपमा सम्पादन गर्नका लागि पूर्व तयारीको आवश्यकता पर्छ । यहाँ पूर्व तयारीको कुरा गर्नु पर्दा शिक्षण कार्यमा गरिने पूर्व तयारी भनिएको हो । शिक्षण अघिको पूर्व तयारी गर्दा मूलतः निम्न कार्य गर्नु जरुरी मानिन्छ । जसमा विषयवस्तु, उद्देश्य, शिक्षण विधि र मूल्यङ्कन साथै पाठ्यक्रमले तोकेका क्षेत्र क्रम र आवश्यक शैक्षिक सामग्रीको तयारी पूर्ण गर्नु पर्छ तब मात्र शिक्षक शिक्षण गर्न पूर्व तयारी भएको मानिन्छ । शिक्षण गर्नु पूर्व शिक्षकहरुमा पाठ्यवस्तुको विस्तृत एवं स्पष्ट ज्ञान, बाल मनोविज्ञान, व्यवहारिक उद्देश्य निर्माण गर्ने सीप, शिक्षण विधि आदि बारे स्पष्ट हुन आवश्यक मानिन्छ ।

थापा (२०६३) 'शिक्षाशास्त्र र नेपालमा शिक्षा तथा निरीक्षण सम्वन्धी विषय' नामक पुस्तकमा परम्परावादी शिक्षण पद्धति भन्दा वैज्ञानिक वा आधुनिक शिक्षण पद्धतिका छलफल, प्रश्नोत्तर, अभ्यास अभिनय, प्रदशन, प्रयोगात्मक विधिहरु प्रयोग गरे मात्र शिक्षण सिकाई प्रभावकारी हुन्छ भनि उल्लेख गर्नु भएको छ ।

शर्मा एण्ड शर्मा (२०५५) शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारका अनुसार शिक्षणलाई कला र विज्ञान दुवैका रूपमा लिइन्छ । जसरी कला र विज्ञानमा विभिन्न नियम तथा सीपहरुको आवश्यकता हुन्छ । शिक्षण पेशामा प्रवेश गर्न चाहाने र प्रवेश गरिसकेका व्यक्तिहरुमा शिक्षण सीप र निपूर्णताको विकास गर्न संचालन गरिने शिक्षण सम्वन्धी अभ्यास तथा तालिमलाई नै अभ्यास शिक्षण भनिन्छ ।

भण्डारी (२०६७) शिक्षाः शिक्षकको शिक्षण सीप नामक पत्रिकामा उल्लेख गरे अनुसार - विद्यार्थी, समाज र राष्ट्रका लागि अनुकरणीय व्यक्तित्व शिक्षक नै भएकोले उसको जिम्मेवारी ठूलो मानिन्छ । वास्तवमा शिक्षक औपचारिक शिक्षण प्रक्रियाको महत्त्वपूर्ण अंग हो । विद्यार्थीहरुलाई कस्तो शिक्षा दिने ? समाजलाई कसरी मार्ग निर्देशन गर्ने ? सामाजिक मूल्य र मान्यता तथा संस्कृतिको विकाश तथा संरक्षण कसरी गर्ने ? राष्ट्रको गौरवलाई कसरी प्रभावकारी बनाउने जस्ता कुराहरुलाई शिक्षकको जिम्मेवारीको रूपमा लिइन्छ । शिक्षाको गुणस्तर विकास गर्नको लागि प्रत्येक शिक्षकमा विषयवस्तुको प्रर्याप्त ज्ञान, बाल मनोविज्ञान, शैक्षिक सामग्री छनोट निर्माण र प्रयोग, शिक्षण विधि छनोट गर्ने, शिक्षण सीपको प्रयोग गर्ने जस्ता महत्त्वपूर्ण सीपहरु हुन जरुरी देखिन्छ ।


लुईटेल र साथीहरु (२०६८/६९) माध्यमिक शिक्षक प्रतियोगिता दिग्दर्शनका अनुसार-शिक्षक गुणस्तर विकाशको एक मेरुदण्डको रूपमा स्थापित भएको छ । शिक्षक दक्ष भएमा मात्र उनीहरुले दिने ज्ञान, सीप र धारणा विद्यार्थीहरुमा प्रभावकारी रूपमा स्थानान्तरण हुन सक्छ तसर्थ प्रत्येक शैक्षिक निकायहरुले शिक्षक व्यवस्थापनलाई ध्यान दिनु पर्छ जसलाई प्रभावकारी बनाउन शिक्षक तालिम, व्यवस्थापन तालिम, ऐन तथा नियममा सम्वन्धित गरी शिक्षक व्यवस्थापन गर्नुपर्छ, तवमात्र शिक्षकले आफ्नो शिक्षण कियाकलापलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सक्छ भनी उल्लेख गरिएको छ ।

बिष्ट (२०६०), शिक्षक तालिम बारे एक झलक अन्तराष्ट्रिय शैक्षिक मञ्चमा उल्लेख भए अनुसार शिक्षण सीपको विकास एक पटक मात्र दिईने तालिम तथा अभ्यासले पूर्ण हुन सक्दैन तसर्थ अभ्यास शिक्षणलाई पूर्वसेवाकालिन र सेवाकालिन तालिमका रूप

प्रदान गरी निरन्तर संचालन गरिनु पर्छ । यस बाट प्राप्त अनुभव तथा सीपहरुलाई दैनिक शिक्षण कार्यमा लागू गर्दै जानु पर्छ । समय समयमा शिक्षणसंग सम्वन्धित विभिन्न सभा, सम्मेलन, गोष्ठी आदि गरिनु पनि आवश्यक देखिन्छ ।

### २.३ अवधारणात्मक ढाँचा

उच्चमाध्यमिक तह कक्षा १२ को अन्त्यमा गरिने अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थाको अध्ययन गर्न निम्नानुसारको अवधारणात्मक ढाँचा तयार पारिएको छ ।




विभिन्न सैद्धान्तिक र समसामहिक साहित्यको पुनरावलोकन पश्चात अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था शीर्षकमा सम्बन्धित भएर अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था, प्रभावकारीता र समस्याहरु पहिचान गर्न माथि उल्लेखित विभिन्न पक्षहरुको अध्ययन गर्नुपर्ने महसुस गरी अवधारणात्मक ढाँचा निर्माण गरिएको छ ।

# परिच्छेद-तीन
# अध्ययनको विधि

## ३.१ अध्ययनको ढाँचा

कुनै पनि अध्ययन अनुसन्धानमा निश्चित विधिको प्रयोग गरिनु पर्छ । अध्ययन विधि भन्नाले गर्नुपर्ने कार्यलाई नियमवद्ध, सरल र सहज तरिकाबाट प्रमाणित गर्न प्रयोग गरिने तरिका हो । अनुसन्धान वा अध्ययनको प्रकृति अनुसार विधि तथा साधनहरु फरक-फरक हुन सक्छन् । जस्तै- परिमाणात्मक र गुणात्मक विधि । उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था विषयको अध्ययन सुनसरी जिल्लामा सिमित गरी सीमा भित्र रहेका उच्च माध्यमिक विद्यालयका प्राचार्य /संयोजक, सहयोगी विद्यालयका सुपरिवेक्षक, अभ्यास शिक्षण समितिका सदस्य, छात्र शिक्षकसँग खुला प्रश्नावली र अन्तर्वार्ता लिनुका साथै दस्तावेज अध्ययनबाट पनि सूचना संकलन गरिनेछ । यस शोधकार्य सम्पन्न गर्न गुणात्मक ढाँचालाई प्रयोग गरिएको छ ।

यस अध्ययनकोउद्देश्यहरु हासिल गर्न निम्न अनुसारको कार्यनीति अपनाइन्छ ।

<table>
<tr><th rowspan="2">क.सं</th><th rowspan="2">उद्देश्य</th><th rowspan="2">साधनहरु</th><th colspan="4">प्रतिक्रियादाताहरु</th></tr>
<tr><th>छा.शि.</th><th>प्राचार्य/संयोजक</th><th>वि.सु.</th><th>अ.शि.स.स.</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।</td><td>अन्तर्वार्ता</td><td></td><td>✓</td><td>✓</td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td>✓</td><td></td><td></td><td>✓</td></tr>
<tr><td rowspan="2">२.</td><td rowspan="2">उक्त कार्यक्रमको प्रभावकारीता पहिचान गर्नु ।</td><td>अन्तर्वार्ता</td><td></td><td>✓</td><td>✓</td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td>✓</td><td></td><td></td><td>✓</td></tr>
<tr><td rowspan="2">३.</td><td rowspan="2">उक्त कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरु पहिचान गर्नु ।</td><td>अन्तर्वार्ता</td><td></td><td>✓</td><td>✓</td><td></td></tr>
<tr><td>प्रश्नावली</td><td>✓</td><td></td><td></td><td>✓</td></tr>
</table>

यस अध्ययनमा अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्न अभ्यास शिक्षणको पाठ्यांश, अभ्यास शिक्षण पुस्तिका र अभ्यास शिक्षण निर्देशिकालाई दस्तावेज अध्ययनको रुपमा प्रयोग गरिएको छ ।

### ३.२. जनसंख्या

यस अध्ययनमा जनसंख्या भन्नाले अध्ययन क्षेत्रका उच्च माध्यमिक विद्यालयका प्राचार्य/संयोजक, छात्र शिक्षक र सहयोगी विद्यालयका सुपरिवेक्षकलाई साथै अभ्यास शिक्षण समितिका सदस्यहरुलाई जनाउँछ ।

### ३.३ नमूना छनोट विधि

यस अध्ययन अनुसन्धानका लागि आवश्यक जिल्ला, उच्च माध्यमिक विद्यालय, प्राचार्य/संयोजक, छात्र शिक्षक, अभ्यास शिक्षण समितिका सदस्य, सहयोगी विद्यालय, विद्यालय सुपरिवेक्षकहरुको छनोट निम्न लिखित पद्धति अनुसार गरिएको छ ।

#### ३.३.१ जिल्ला र नगरपालिका छनोट

यस अध्ययनलाई सम्पन्न गर्नका लागि सूविधाजनक नमुना छनोट पद्धतिबाट सुनसरी जिल्लालाई नमुना जिल्लाको रूपमा छनोट गरिएको छ साथै सुविधाजनक नमुना छनोट पद्धति बाट इटहरी र धरान नगरपालिकालाई छनोट गरिएको छ ।

#### ३.३.२ उच्च माध्यमिक विद्यालय र प्राचार्य /संयोजक छनोट

यस अध्ययन कार्यका लागि सुविधाजनक नमुना छनोट पद्धति बाट ४ वटा उच्च माध्यमिक विद्यालय छनोट गरिएको छ र सोही उच्च माविमा प्राचार्य/संयोजक छनोट उद्देश्यात्मक विधिबाट छनोट गरिएको छ ।

#### ३.३.३ छात्र शिक्षक छनोट

यस अध्ययनमा समावेश गरिने छात्र शिक्षकको छनोट उद्देश्यमुलक विधिबाट प्रत्येक उच्च मा.वि. बाट ५/५ जना पर्ने गरि छनोट गरिएको छ ।

#### ३.३.४ सहयोगी विद्यालय र विद्यालय सुपरीवेक्षक छनोट

यस अध्ययनका लागि सुविधाजनक नमुना छनोट विधिबाट ४ वटा विद्यालय छनोट गरिएको छ र उद्देश्यमूलक विधिबाट प्रत्येक विद्यालयबाट एक एक जना पर्ने गरि विद्यालय सुपरिवेक्षक छनोट गरिएको छ ।

### ३.३.५ अभ्यास शिक्षण समितिका सदस्य छनोट

यस अध्ययनका लागि उद्देश्यमूलक विधिबाट प्रत्येक उच्च मा.वि बाट एक एक जना पर्ने गरि अभ्यास शिक्षण समितिका सदस्य छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका श्रोतहरु

कुनै पनि विषयमा अध्ययन गर्दा मुख्य पक्ष तथ्याङ्कलाई लिन सकिन्छ । सहि र सत्य तथ्य तथ्याङ्कले नै अनुसन्धानलाई विश्वसनीय, प्रभावकारी साथै उद्देश्यमूलक बनाउने भएकोले यस अध्ययनमा आवश्यक तथ्याङ्कका श्रोतका रूपमा प्राथमिक र गौण श्रोत दुवैलाई उपयोगमा ल्याइएको छ ।

### ३.४.१ प्राथमिक श्रोत

तथ्याङ्क संकलनका साधनहरुको प्रयोग गरी नमूनाको रूपमा छनोट गरिएका प्राचार्य, छात्र शिक्षक, विद्यालय सुपरिवेक्षक र अभ्यास शिक्षण समितिका सदस्यहरुलाई अन्तर्वार्ता निर्देशिका र खुला प्रश्नावली प्रयोग गरी संकलन गरिएका तथ्याङ्कहरु प्राथमिक श्रोत अर्न्तगत राखिएको छ ।

### ३.४.२ गौण श्रोत

अध्ययन संग सम्बन्धित मिल्दोजुल्दो दस्तावेज अध्ययनबाट प्राप्त तथ्याङ्कलाई गौण श्रोत अर्न्तगत राखिएको छ ।

## ३.५ साधनको निर्माण

यस शोधपत्रमा उच्चमाध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने उद्देश्यलाई केन्द्र विन्दु बनाई तथ्याङ्क संकलनका लागि निम्न अनुसारका साधनहरु प्रयोग गरिएको छ ।

### ३.५.१ खुला प्रश्नावली

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था संग सम्बन्धित जानकारी प्राप्त गर्न खुला प्रश्नावली निर्माण गरी छात्रशिक्षक र अभ्यास शिक्षण समितिका सदस्यलाई प्रयोग गरिएको छ। उक्त प्रश्नावली अनुसूचि १ र २ मा राखिएको छ।

### ३.५.२ अन्तर्वार्ता निर्देशिका

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था संग सम्बन्धित जानकारी प्राप्त गर्न अन्तर्वार्ता निर्देशिका निर्माण गरी प्राचार्य/संयोजक र विद्यालय सुपरिवेक्षेकलाई प्रयोग गरिएको छ। उक्त अन्तर्वार्ता अनुसूचि ३ र ४ मा राखिएको छ।

### ३.५.३ दस्तावेज अध्ययन

सत्य तथ्य तथ्याङ्क प्राप्त गर्ने साधनको रूपमा दस्तावेज अध्ययनलाई लिइन्छ। यस अध्ययनमा अन्तर्वार्ता र प्रश्नावलीबाट अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था संग सम्बन्धित सम्पूर्ण जानकारी प्राप्त गर्न नसकेको खण्डमा थप जानकारी प्राप्त गर्न सम्बन्धित विषयको लेख, निर्देशिका, पाठ्योजना पुस्तिका आदिलाई दस्तावेज अध्ययनका साधन अर्न्तगत राखिएको छ।

## ३.६ साधनको वैधता

यस शोध कार्यमा उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउन आवश्यक तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता निर्देशिका र खुला प्रश्नावली निर्माण गरी उक्त साधनहरुलाई वैधता प्रदान गर्न सहपाठीहरु बीच छलफल गरी सो पश्चात शोध निर्देशकलाई उक्त साधनको मूल्याङ्कन गर्न लगाई साधनका कमीकमजोरीहरु पत्ता लगाई आवश्यकता अनुसार परिमार्जन र संसोधन गरी साधनको अन्तिम रूप दिइएको छ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस शोध कार्यका लागि सुनसरी जिल्लाका ४ वटा उच्च माध्यमिक विद्यालयहरु र ४ वटा सहयोगी विद्यालयहरुमा तथ्याङ्क सङ्कलन गर्न तयार गरिएका साधनहरु सहित

स्वयम् उपस्थित भइ खुला प्रश्नावली, अन्तर्वार्ता निर्देशिका र दस्तावेज अध्ययन जस्ता साधन प्रयोग गरी सूचना सङ्कलन गरिएको छ ।

- अभ्यास शिक्षण संग सम्वन्धित विषयवस्तु समावेश गरी अन्तर्वार्ताका लागि तयार गरिएका अन्तर्वार्ता निर्देशिका प्रयोग गरी नमुनाको रूपमा छनोट गरिएको प्राचार्य/संयोजक र विद्यालय सुपरिवेक्षक संग अन्तर्वार्ता लिई सूचना प्राप्त गरिएको छ ।
- सम्वन्धित विषयवस्तु समावेश गरी तयार गरीएका खुला प्रश्नावली प्रयोग गरी नमुना छनोटमा परेका छात्र शिक्षकहरु र अभ्यास शिक्षण समितिका सदस्यहरुलाई प्रश्नावली भर्न लगाई सूचना प्राप्त गरिएको छ ।
- विषयवस्तु संग सम्बन्धित लेख, निर्देशिका, पाठ्योजना पुस्तिका आदी अध्ययन गरी अन्तर्वार्ता र खुला प्रश्नावली प्रयोग गरी प्राप्त गर्न नसकिएका सूचनाहरु संकलन गरिएको छ ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि अध्ययनको प्रभावकारीता संकलित सत्य तथ्य सूचनाहरुको विश्लेषण, व्याख्या र प्रस्तुतिकरणमा आधारित हुने भएकोले यस अध्ययन कार्यका लागि सूचना संकलनका विभिन्न साधनहरु निर्माण गरी उक्त साधनहरुको प्रयोग गरि नमूना छनोटमा परेका प्रतिक्रियादाताहरु सँग सूचना संकलन गरिएको छ । साथै दस्तावेज अध्ययनबाट प्राप्त सूचनाहरु पनि यसमा समावेश गरिएको छ । सूनसरी जिल्लाका धरान र इटहरी नगरपालिकाका उच्च मा.वि. र सहयोगी विद्यालयमा सिमित गरी प्राथमिक तथा गौण श्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई ट्रेङ्गुलेसन गरी गुणात्मक विधि प्रयोग गरी तथ्याङ्को विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

" उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" शीर्षकमा गरिएको यस अध्ययनको उद्देश्य प्राप्त गर्न अन्तर्वार्ता निर्देशिका, खुला प्रश्नावली, दस्तावेज अध्ययन जस्ता साधनहरूको प्रयोगगरी उच्च माध्यमिक विद्यालयका प्राचार्य तथा संयोजक, अभ्यास शिक्षण समितिका सदस्य,सहयोगी विद्यालयका विद्यालय सुपरिवेक्षक र छात्र शिक्षकहरूबाट सम्बन्धित विषयमा संकलन गरिएका तथ्याङ्कहरूलाई तालीकिकरण र आवश्यकता अनुसार चयन गरिएको उद्देश्य अनुसार उपयुक्त शीर्षकको छनोट गर्दै प्रस्तुतिकरण, विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१. अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था

शैक्षिक सत्रको पूरै अवधिमा सैद्धान्तिक रूपमा सिकेका कुराहरूलाई व्यवहारिक रूपमा प्रस्तुत गर्न पाउने एक प्रयोगात्मक कार्यको रूपमा अभ्यास शिक्षणलाई लिने भएकोले यस कार्यक्रमको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भन्ने कुरा पहिचान गर्न प्राचार्य तथा संयोजक, अ.शि.स. सदस्य, विद्यालय सुपरिवेक्षक र छात्र शिक्षकहरू बाट विभिन्न साधनहरूको माध्यमबाट प्राप्त तथ्याङ्कका अनुसार कार्यक्रमको नीतिगत प्रावधान, कार्यान्वयनको प्रक्रिया, अभ्यास शिक्षण समिति गठन, विद्यालयको सहमति आदि सम्बन्धमा जानकारी गराउने प्रयास गरिएको छ ।

#### ४.१.१. कार्यक्रम सम्बन्धि नीतिगत व्यवस्था

उच्च माध्यमिक तहको शिक्षा संकाय तर्फ कक्षा १२ को अन्त्यमा गरिने अभ्यास शिक्षण कार्यक्रमको पूर्णाङ्क ५० र उर्त्तिणाङ्क २५ रहेको छ । यस पाठ्यांशको कार्यान्वयन गर्दा प्रत्येक उच्च मा.वि.हरूले कक्षा १२ का विद्यार्थीहरूलाई अभिमूखिकरण कार्यक्रम पश्चात् ७ दिन सम्म सूक्ष्म अभ्यास शिक्षण गराई ३ देखि ८ जना सम्मको समूह बनाई शिक्षणको लागि सहयोगी विद्यालयमा खटाउन सकिन्छ । जब छात्र शिक्षकहरूले कम्तिमा ३० दिन पाठयोजना सहित अध्यापन गरेपछि अन्तिम मूल्याङ्कन गर्न सुरू गरिन्छ । वाह्य सुपरिवेक्षकबाट उनीहरूको कार्यको मूल्याङ्कन भइसके पश्चात् उक्त कार्यक्रमको समाप्ति

हुन्छ । अभ्यास शिक्षण कार्यक्रममा कम्तीमा २० वटा पाठयोजना, विषयगत र वस्तुगत गरी ५० वटा प्रश्नहरू र  उत्तर कुञ्जिका साथै अवस्था अध्ययन लेखन कार्य अनिवार्यरूपमा गरिनु पर्ने नीतिगत प्रावधान रहेको  कुरा पाठ्यक्रम तथा निर्देशिकामा उल्लेख गरेको पाइयो । साथै यस शोध कार्यमा अभ्यास शिक्षण समितिका सदस्यहरु साथै प्राचार्य तथा संयोजकहरुबाट लिएको जानकारी अनुसार उक्त कार्यक्रमको नीतिगत प्रावधान उपयुक्त भएको भएता पनि थोरै समयको अन्तरालमा तोकिएका सवै कुराहरु गर्न गराउन कठीनाई भएको बताउनु भयो । पाठयोजना निर्माण, प्रश्न निर्माण, जस्ता पक्षहरु उक्त समयमा गर्न सकिने भएता पनि अवस्था अध्ययनलाई भने अभ्यास शिक्षणको समयवधि मै राख्नु सान्दर्भिक नभएको पाइन्छ । यसलाई पाठ्यक्रम समावेश गरेर शिक्षण सिकाइको लागि छुट्याएको समयमा गराउन सके राम्रो हुने कुरा व्यक्त गरेको पाइयो । यसै सम्बन्धमा छात्र शिक्षकहरुबाट प्राप्त जानकारी अनुसार नीतिगत कुराहरु राम्रा भएपनि छोटो समयमा पाठयोजना निर्माण, सामग्री निर्माण गर्न साथै शिक्षणका लागि तयारी हुनुपर्ने भएकोले अवस्था अध्ययनलाई संगै गर्न कठिनाई आएको र उक्त विषयबाट प्राप्त गर्नुपर्ने वा सिक्नुपर्ने सवै कुराहरु प्रभावकारी रुपमा सिक्न नसकेको पाइयो ।

माथि उल्लेखित विश्लेषणबाट यो भन्न सकिन्छ की अभ्यास शिक्षणसंग सम्बन्धित नीतिगत प्रावधान उपयुक्त भएपनि अभ्यास शिक्षणका लागि तोकिएको छोटो समयवधिमा सम्पूर्ण कुराहरु प्रभावकारी ढंगबाट पुरागर्न कठीन हुने देखिन्छ ।

### ४.१.२. अभ्यास शिक्षण समिति  सम्बन्धमा

अभ्यास शिक्षण कार्यक्रमको  कार्यान्वयनको अवस्था पहिचान गर्न यस शोध कार्यमा अ.शि.स. गठन कार्यलाई पनि सम्बन्धित गरिएको छ । अभ्यास शिक्षण कार्यक्रमका उद्देश्य पूरा गर्न उक्त कार्यक्रमलाई व्यवस्थित गर्नलाई  जेष्ठता र अनुभवका आधारमा एम.एड. अध्ययन गरेका शिक्षकहरूबाट सबै विषयको  प्रतिनिधित्व हुने गरी अ.शि.स.( ५ सदस्य भएको) गठन गर्नु पर्ने कुरा दस्तावेज अध्ययनबाट प्राप्त भएको र स्थलगत रूपमा तथ्याङ्क संकलनका  साधन प्रयोग गरी प्राचार्य तथा संयोजकहरूबाट प्राप्त जानकारी अनुसार ५०%  उच्च माध्यमिक विद्यालयका प्राचार्य तथा संयोजकहरूले औपचारिक रूपमा विभिन्न विषयका शिक्षकहरूलाई समेटने गरी ५ सदस्यीय समिति  गठन गरेको र उक्त समितिले नै पाठ्यक्रम/ निर्देशिका अनुरूप कार्यक्रम संचालन गर्ने गरेको बताउनु भयो ।

तर ५०% उ.मा.वि.का प्राचार्य तथा संयोजकहरूले भने औपचारिकरूपमा समिति गठन नगरिएको विषयगतरूपमा शिक्षक र प्राचार्य बीच छलफल गरी सिमित व्यक्तिहरूलाई उक्त कार्यक्रम संचालन गर्ने जिम्मा दिने र उक्त व्यक्ति/ शिक्षकहरूले नै अभ्यास शिक्षण निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने गरेको बताउनु भयो ।

माथि उल्लेखित जानकारीबाट यो भन्न सकिन्छ कि ५० प्रतिशत उ.मा.वि. हरूले पाठ्यक्रम निर्देशिका अनुसार अभ्यास शिक्षण गराउने गरेको भएपनि ५० प्रतिशत उ.मा.वि.मा भने समिति निर्माण नगरी सोझै सिमित शिक्षकहरूलाई खटाई अभ्यास शिक्षण गराउने गरेको पाइयो ।

### ४.१.३. सहयोगी विद्यालय संग सहमति लिने प्रक्रिया सम्बन्धमा

अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान गर्न यस शोध कार्यमा सहयोगी विद्यालय सहमति लिने कार्यलाई पनि सम्बन्धित गरिएको छ । उक्त कार्यको उद्देश्य पूरागर्न प्रत्यक्ष रूपमा सूचना संकलनका साधनहरू प्रयोग गरी प्रतिक्रियादाताहरु संग संकलन गरिएको सूचनाबाट प्राप्त जानकारी अनुसार उ.मा.वि. का प्राचार्य तथा अ.शि.स. का सदस्यहरू द्वारा प्रत्यक्ष रूपमा पायक पर्ने खालका विद्यालयहरू छनोट गरी विद्यालय सहमति सम्बन्धमा निर्दिष्ट फारम विकाश गरी उक्त फारम विद्यालयलाई भर्न लगाई सम्बन्धित व्यक्तिहरू संग छलफल र सल्लाह गरी मसलन्द स्वरूप केहि रकम( रु.५००-१०००) सहयोग गरी विद्यालय सहमति लिने गरेको पाइयो । कतिपय उच्च मा.वि.ले भने कुनै फारम भर्न नलाई सोझै पत्राचार गर्ने वा छलफल/ कुराकानीबाट नै विद्यालय सहमति लिने गरेको र कम्तिमा ५००- १००० रुपैयासम्म सहयोग गर्ने उल्लेख गरेपनि व्यवहारिक रुपमा उक्त रकम प्रदान नगरेको पाइयो । विद्यालय सहमति लिने सम्बन्धमा निर्देशिकामा कुनै प्रावधान नभएपनि अभ्यास शिक्षण समितिका सदस्य तथा तोकिएका पदाधिकारीहरुले सहयोगी विद्यालयका प्र.अ. तथा प्रतिनिधिहरुसंग कार्यक्रम सुरु हुनु भन्दा अगावै छलफल गर्ने गरेको र विद्यालय सहमति लिने सम्बन्धमा विद्यालयमा संचालित कक्षा शिक्षणमा प्रभाव पर्ने कारणले कतिपय विद्यालयहरुले सहमति दिन गाह्रो मान्ने गरेको तर पनि छलफल अर्न्तक्रिया गरी सहमति लिन सफल भएको कुरा व्यक्त गर्नुहुन्छ ।

विद्यालय सुपरिवेक्षकका रूपमा खटाइएका सहयोगी विद्यालयका शिक्षकलाई सहयोग स्वरूप केही रकम (रु.५००) प्रदान गर्ने भएको भएता पनि केही विद्यालयमा सुपरिवेक्षकका रूपमा खटाएका विद्यालय सुपरिवेक्षकले भने आफूलाई यस सम्बन्धमा कुनै जानकारी नभएको कुरा व्यक्त गरेको पाइयो ।

माथि उल्लेखित जानकारीबाट यो भन्न सकिन्छ की विद्यालय सहमति लिने सम्बन्धमा निर्देशिकामा कुनै प्रावधान नभएपनि सम्बन्धित पक्षहरु एक आपसमा छलफल र अर्न्तक्रिया गरी विद्यालयलाई साथै अभ्यास शिक्षणमा विद्यालय सुपरिवेक्षकको रुपमा खटाएको शिक्षकलाई आर्थिक सहयोग गर्दै सहमति लिएपनि कतिपय उ.मा.वि. ले उक्त कुरालाई सिद्धान्तमा मात्र उल्लेख गरेर व्यवहारिक रुपमा प्रयोग नगरेको पाइयो ।

### ४.१.४. सुपरिवेक्षण सम्बन्धमा

अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पहिचान सम्बन्धमा अध्ययन गर्दा सुपरिवेक्षणलाई पनि लिने गरेको पाइन्छ । शिक्षण सिकाई कियाकलाप गर्दा सुपरिवेक्षणको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अभ्यास शिक्षणमा वाह्य परिक्षण हुनुभन्दा अगाडि प्रत्येक छात्र शिक्षकहरुले आन्तरिक सुपरिवेक्षकले कम्तिमा ३ पटक कक्षा अवलोकन गरी उनीहरुका कार्यहरुको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्ने कुरा दस्तावेज अध्ययनबाट प्राप्त भएको साथै स्थलगत सर्वेक्षण मार्फत अ.शि.स. का सदस्यहरुका अनुसार प्रत्येक विद्यालयमा पठाएका छात्र शिक्षकको संख्या अनुसार आन्तरीक सुपरिवेक्षक खटाएको र उनीहरुले गरेको कार्यहरुको हप्ता दश दिनको फरकमा ३ पटक अवलोकन गरी आवश्यक सल्लाह र सुझाव प्रदान गरी छात्र शिक्षकका व्यवहारहरु सुधार गर्न आन्तरिक सुपरिवेक्षकहरुले सहयोग गर्ने गरेको पाइयो । साथै अधिकांश छात्र शिक्षकहरुले भने सुपरिवेक्षण निरन्तर रुपमा भएको र आवश्यक पृष्ठपोषण प्रदान गरेको वताए पनि केहिले भने वाह्य सुपरिवेक्षण हुने बेलामा मात्र आन्तरिक सुपरिवेक्षकले कक्षा अवलोकन गरेको र कक्षामा १०-१५ मिनेटमा बसेर गरेको अवलोकनले पुरै कार्यक्रमको लेखाजोखा गर्न नसक्ने र आवश्यक पृष्ठपोषण पनि पर्याप्त रुपमा प्राप्त गर्न नसकेको कुरा उल्लेख गर्नु भयो ।

यस कार्यक्रमको सुपरिवेक्षण सम्बन्धि पक्षलाई विश्लेषण गर्दा निरन्तर रूपमा सुपरिवेक्षण गरेर विद्यार्थीहरूका कमी कमजोरीहरू हटाउन पृष्ठपोषण प्रदान गर्ने गरेको

भएता पनि विषयगत रूपमा सुपरिवेक्षक तोकेर पठाउन नसकेको कारण सबै विषयका छात्र शिक्षकहरूको कक्षा अवलोकन एउटै सुपरिवेक्षकले गर्ने भएकोले सुपरिवेक्षण प्रभावकारी नहुने अवस्था रहेको कुरा अधिकांश अभ्यास शिक्षण समितिका सदस्यहरुबाट व्यक्त गरेको पाइयो ।

माथि उल्लेखित जानकारीबाट यो भन्न सकिन्छ कि सुपरिवेक्षणका लागि खटाएका सुपरिवेक्षकहरुले कक्षा अवलोकन गरि उनिहरुका कार्यलाई सुधार गर्न पृष्ठपोषण प्रदान गरे पनि सबै विषयमा दक्ष नहुने कारण सबै विषयका छात्र शिक्षकलाई उचित पृष्ठपोषण प्रदान गर्न नसक्ने देखियो साथै यसै विषयमा सम्बन्धित भएर मोहन ब. साउँदले गरेको अध्ययनमा पनि सुपरिवेक्षणमा कमजोरी भएको कुरा उल्लेख गरिएको छ ।

### ४.१.५. पाठयोजना निर्माण सम्बन्धमा

शिक्षण एक अपरिहार्य, अनिवार्य र महत्वपूर्ण पेशा हो । यस पेशालाई प्रभावकारी बनाउन  शिक्षकले व्यवहारिक ज्ञान, सीप हासिल गर्नु आवश्यक ठानिन्छ । तसर्थ यस शोधकार्यमा पनि एउटा छात्र शिक्षकले आफ्नो पेशामा जानुभन्दा अगाडि अभ्यास शिक्षणको क्रममा पाठ्मक्रमले निर्देशन गरेको विभिन्न पक्षहरू (उद्देश्य, सामग्री, कियाकलाप, मूल्याङ्कन, गृहकार्य) को अवस्था वुझ्न पाठयोजना निर्माण सम्बन्धि जानकारी लिनु पर्ने आवश्यकता महसूस गरी स्थलगत सर्वेक्षणबाट अ.शि.स.सदस्य र वि.सु.मार्फत प्राप्त योजना निर्माण सम्बन्धि जानकारी अनुसार अधिकांश छात्र शिक्षकहरूले पाठ योजना निर्माण गरी शिक्षण गर्ने गरेको र उनीहरूमा पाठयोजना निर्माणको ज्ञान, सीप र प्रयोगको क्षमता भएको पाइयो । जुन कुरा साउँदले २०६८ मा यहि विषयमा गरेको अध्ययनमा मिल्दोजुल्दो भएको पाइयो तर केही छात्र शिक्षकहरूले भने उक्त कार्यक्रमलाई सकारात्मक दृष्टिकोणले नहेरीकन झारो टार्ने उद्देश्य अनुरूप नियमित रूपमा पाठयोजना निर्माण नगरिकन  शिक्षण गर्ने गरेको पाइयो । जसले गर्दा छात्रशिक्षकहरूमा अझै पनि उक्त कार्यक्रमको महत्व स्पष्ट नभएको पाइयो । तर यसै सम्बन्धमा छात्र शिक्षकबाट प्राप्त जानकारी अनुसार आँफू सधैं पाठयोजना बनाएर कक्षामा उपस्थित भई शिक्षण सिकाई कार्य गर्ने गरेको कुरा प्रष्ट्याउनु हुन्छ ।

### ४.१.६ शैक्षणिक उद्देश्यको निर्माण सम्बन्धि

यस सोध कार्यमा कार्यक्रम निर्देशित शिक्षण क्रियाकलापलाई पहिचान गर्ने शैक्षिक उद्देश्य निर्माण सम्बन्धि जानकारी लिइएको थियो । अभ्यास शिक्षणकार्य गर्दा छात्र शिक्षकहरूले शैक्षिक उद्देश्य निर्माणमा के-कस्ता ज्ञान हासील गरेका छन् साथै उद्देश्य

निर्माणमा आएका कठिनाई सम्बन्धमा  उक्त कार्यक्रममा संलग्न विभिन्न पक्षहरू संग जानकारी लिइएको थियो । उनीहरूबाट प्राप्त जानकारीलाई विश्लेषण गर्दा अधिकांश छात्र शिक्षकहरूले उद्देश्य निर्माण कठिनाई विनानै गरेको पाइयो भने केही छात्र शिक्षकहरूलाई अभ्यास शिक्षणका क्रममा पाठयोजना बनाउँदा  शैक्षिक उद्देश्य निर्माण गर्दा पूरा पाठ समेटने गरी उद्देश्य निर्माण गर्न नसक्ने र उपयुक्त क्रियाकलापको छनोट गर्न नसक्ने जस्ता कठिनाई आएको पाइयो ।

यसबाट यो प्रष्ट हुन्छ कि शिक्षण कार्यमा कक्षाकोठा भित्र विद्यार्थीको अगाडि उभिएर शिक्षण गर्नु भन्दा उद्देश्य निर्माणमा क्रियापद छनोट गर्ने र विषयवस्तु समेटन नसक्ने र उद्देश्य सम्बन्धि जानकारी नहुनुले कठिनाइ उत्पन्न भएको छ तसर्थ अभ्यास शिक्षणमा खटाउनु भन्दा अगाडि छात्र शिक्षकहरूलाई सम्बन्धित विषयका शिक्षक र सरोकारवाला व्यक्तिहरूले उद्देश्य सम्बन्धि धारणा स्पष्ट पार्नुका साथै कस्ता उद्देश्यहरूमा कस्ता कस्ता क्रियापद राख्ने भन्ने कुरा स्पष्ट पार्नु पर्ने देखिन्छ ।

### ४.१.७ शैक्षणिक सामग्री र विधि सम्बन्धमा

अभ्यास शिक्षण कार्यक्रममा संलग्न छात्र शिक्षकहरूले शिक्षण गर्दा शैक्षिक सामग्री र विधिलाई समेत महत्वपूर्ण रूपमा ध्यान दिनु जरूरी हुन्छ  । शिक्षण कार्यलाई प्रभावकारी र स्थायी सिकाइ प्रदान गर्न उपयुक्त शैक्षिक सामग्री र विधिहरू छनोट गरीनु आवश्यक हुन्छ । तसर्थ यस शोध कार्यमा शिक्षण सामग्री छनोट र विधि छनोट सम्बन्धमा छात्र शिक्षकहरुबाट प्राप्त सूचना विश्लेषण गर्दा अधिकांश छात्र शिक्षकहरूले  शिक्षण सामग्री निर्माण र विधि छनोट गरी शिक्षण गरेको पाइयो । तर केही छात्र शिक्षकहरूले दिएको प्रतिक्रियाअनुसार विधि र सामग्री छनोट निर्माण गरेपनि विद्यालयको दैनिक समय तालिका तल माथि पर्ने कारणले सामग्रीहरू प्रयोग नगरी शिक्षण गरेको र पाठयोजनामा विद्यार्थी केन्द्रीत विधि उल्लेख गरेतापनि शिक्षक नै सक्रिय भई शिक्षण गर्ने गरेको पाइयो । यसै सम्बन्धमा सुपरिवेक्षकबाट प्राप्त जानकारी अनुसार छात्र शिक्षकहरुमा पाठको स्वरुप अनुसारका शिक्षण सामग्री तथा विधि छनोट एवं निर्माण गर्ने सीप अधिकांश विद्यार्थीहरुमा विकास हुँदै गएको पाएको र केही विद्यार्थीहरुमा भने सिद्धान्तमा सामग्री निर्माण सम्बन्धि ज्ञान भएपनि व्यवहारिक रुपमा शिक्षण सामग्री निर्माण कार्यमा भने प्रभावकारिता नभएको पाइयो ।

यसबाट यो प्रष्ट हुन्छ कि शिक्षकहरूले शिक्षण सामग्री छनोट र निर्माण शिक्षण विधि छनोटमा उपयुक्त विधि छनोट र सामग्री निर्माण गरेको भएपनि उपलव्ध समयको अभावका कारण सामग्री र विधि छनोट र निर्माण सिपलाई प्रस्तुत गर्न नसकेकोले सम्बन्धित पक्षका सरोकारवाला व्यक्तिहरूले यसकुरालाई मध्यनजर गर्नुपर्ने देखिन्छ । शिक्षा पत्रिकामा विन्दु भण्डारीले शिक्षकको शिक्षण सीप नामक लेखमा उल्लेख गरेअनुसार पनि शिक्षको गुणस्तर वृद्धि गर्न प्रत्येक शिक्षकमा शिक्षण सामग्री छनोट र निर्माणका साथै शिक्षण विधि पाठको स्वरुप अनुसार छनोट गर्ने महत्वपूर्ण सीपहरु हुन जरुरी भएको देखिन्छ साथै शिक्षाशास्त्र र नेपालमा शिक्षा नामक पुस्तकमा उल्लेख गरेअनुसार आधुनिक र बैज्ञानिक शिक्षण विधि प्रयोग गरेमात्र सिकाई प्रभावकारी हुने कुरा उल्लेख गरेको पाइन्छ । जुन कुरा भिगोत्स्कीको निर्माणवादी सिद्धान्तसंग मिल्दोजुल्दो भएको देखिन्छ ।

### ४.१.८ शैक्षणिक क्रियाकलाप र मूल्याङ्कन सम्बन्धि

यस शोध कार्यमा छात्र शिक्षकको शिक्षण क्रियाकलाप र मूल्याङ्कन सम्बन्धमा प्रतिकिया दाताहरूबाट प्राप्त जानकारी/ सूचनाको विश्लेषण गर्दा उद्देश्यहरूलाई समेटने गरी उपयुक्त विधि र सामग्री प्रयोग गरी प्राय : छात्र शिक्षकहरूले पूर्वज्ञानमा आधारित भई शिक्षण कियाकलाप संचालन गर्ने गरेको पाइयो भने केहीलाई डर र भयको कारण कक्षाकोठामा प्रस्तुतिकरण हुँदा विद्यार्थीहरूले हेप्ने, हल्लागर्ने प्रकृतिको कारण शिक्षण कियाकलापमा कठिनाई आएको जानकारी प्राप्त गरियो । अभ्यास शिक्षणको कममा उपलब्ध समयमा कक्षा कियाकलाप गर्दा विद्यार्थीहरूबाट प्राप्त सहयोग र आफ्नो अभ्यासका साथै सुपरिवेक्षकको सहयोगले आफ्नो शिक्षण कियाकलाप सन्तोषजनक रहेको छात्र शिक्षकहरूले उल्लेख गर्दै गरेको पाइयो साथै सुपरीवेक्षकका अनुसार छात्र शिक्षकहरुको शिक्षण क्रियाकलापमा उपयुक्त विधि र सामग्री प्रयोग गरेको र शिक्षण अवधिमा छात्र शिक्षकहरूले उद्देश्य पूरा भएनन् भनि जाँच गर्न निर्माण गरिएका वस्तुगत र विषयगत प्रश्नहरूले उनीहरूको मूल्याङ्कन सीप र क्षमतालाई पनि केही मात्रामा विकाश गरेको पाइन्छ । जुन कुरा पियाजेको ज्ञानात्मक सिद्धान्तमा उल्लेख गरेको कुरासंग मिल्दो जुल्दो देखिन्छ ।

माथि उल्लेखित विश्लेषण पश्चात यो भन्न सकिन्छ कि प्राप्त सूचनाअनुसार अधिकांश छात्र शिक्षकहरु आफुले गरे कियाकलापमा सन्तुष्टि भएपनि केहीलाई आफू भित्र भएको डरका कारण कियाकलाप गर्न समस्या उत्पन्न भएको पाइएकोले विद्यालयमा पठाएर शिक्षण

गराउनु पहिले साथीहरुका बिचमा शिक्षण गराउने, कक्षााकोठा सिकाइमा हप्ता पन्ध्र दिनमा शिक्षण गर्ने अवसर प्रदान गर्ने, व्यवस्थापन सम्बन्धि तालिम दिने, अन्य प्राविधिक विषयमा जस्ता प्रयोगात्मक कार्यक्रमहरु समावेश गर्नुपर्ने जस्ता विकल्पहरूको छनोट गरेर उक्त कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ । डिल्लीराम लुइटेल र अन्यले माध्यमिक शिक्षक दिग्दर्शनमा प्रत्येक शैक्षिक निकायले शिक्षक व्यवस्थापनलाई ध्यान दिएमा मात्र शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी रुपमा संचालन गर्न सकिने र विद्यार्थीहरुको ज्ञान,सीप धारणामा परिवर्तन गर्न सकिने कुरा उल्लेख गरेको पाइन्छ ।

## ४.२. अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारीता

अभ्यास शिक्षण कार्यक्रममा उपयुक्त तरिकाबाट योजना निर्माण गर्ने, व्यवस्थापन गर्ने, शैक्षणिक संगठन निर्माण, अतिरिक्त क्रियाकलाप संचालन गर्ने, शैक्षिक सामग्री निर्माण र शिक्षण विधिहरु छनोट गर्न सके कार्यक्रम प्रभावकारी बनाउन सकिन्छ । तसर्थ अभ्यास शिक्षणकार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न यस शोध कार्य केन्द्रीत गरी अभ्यास शिक्षणबाट शिक्षण पेशामा संलग्न व्यक्तिहरूलाई के कस्ता फाइदा हुन्छन् ? उनीहरूमा के कस्ता व्यवहारिक परिवर्तन हुन्छन् ? भन्ने सम्बन्धमा प्रतिक्रियादाताहरू सँग स्थलगतरूपमा संकलित तथ्याङ्क साथै दस्तावेज अध्ययनबाट प्राप्त गरिएका तथ्याङ्कहरूको विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ कक्षाकोठा व्यवस्थापन सम्बन्धमा

विद्यालयमा पठन पाठन सुरूहुनु भन्दा पहिलेनै विद्यार्थीहरूले पढ्ने कोठामा आधारभूत आवश्यकताहरूको व्यवस्था गर्ने प्रक्रियालाई नै कक्षाकोठा व्यवस्थापन भनिन्छ । अभ्यास शिक्षण कार्यक्रममा संलग्न छात्र शिक्षक एवम् अन्य प्रतिक्रियादाताहरू बाट कक्षाकोठा व्यवस्थापन सम्बन्धि प्राप्त जानकारीअनुसार अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकहरूमा परिपक्वता ल्याउनका साथै सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्ने र कक्षाकोठा उचित गरिएकाले व्यवस्थापन गर्ने सहयोग गरेको पाइयो । छात्र शिक्षकहरूले कक्षा कोठामा सजावटका सामग्री, वसाई व्यवस्था, शैक्षिक सामग्री व्यवस्था, शैक्षिक अनुशासन जस्ता पक्षहरूलाई व्यवस्थित गरी कक्षाकोठा व्यवस्थापन गर्ने सीप उक्त कार्यक्रमबाट प्राप्त भएकोले शिक्षण सिकाइका लागि उक्त कार्यक्रम प्रभावकारी तथा महत्वपूर्ण रहेको पाइयो

साथै अभ्यास शिक्षण कार्यान्वयन सम्बन्धमा साउँदले प्रस्तुत गरेको शोधकार्यमा पनि प्रत्येक छात्र शिक्षकहरुले पाठयोजना निर्माण देखि शिक्षण सिकाइका हरेक पक्षहरुमा सफलता हाँसिल गरेकोले उक्त कार्यक्रम प्रभावकारी रहेको कुरा उल्लेख गरिएको छ।

### ४.२.२ शैक्षणिक उद्देश्य र सामग्री निर्माण सम्बन्धमा

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारीता पहिचान गर्ने सम्बन्धमा दस्तावेज अध्ययनबाट प्राप्त जानकारी अनुसार शिक्षण सिकाईको महत्वपूर्ण अंगका रुपमा शैक्षणिक उद्देश्य र शैक्षिक सामग्रीलाई लिने गरको पाइन्छ । कुनैपनि कार्यक्रम प्रभावकारी हुने कुरा कार्यक्रमको उद्देश्यमा भर पर्ने गर्दछ तसर्थ अभ्यास शिक्षण कार्यक्रम पनि उक्त कार्यक्रममा निर्माण गरिने उद्देश्यबाट प्रभावित भएको पाइन्छ । यस कार्यमा विशिष्ट,मापन गर्न सकिने, प्राप्त गर्न सकिने खालका उद्देश्य छनोट र उद्देश्य अनुरुपका शिक्षण सामग्री निर्माण गर्नसके स्थायी रुपमा शिक्षण सिकाई क्रियाकलाप गर्न सकिने देखिन्छ । साथै प्रतिक्रियादाताहरू बाट शैक्षणिक उद्देश्य र सामग्री निर्माणसँग सम्बन्धित प्राप्त जानकारी अनुसार अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकहरूमा उद्देश्य निर्माण एवम् उद्देश्य सँग सान्दर्भिक शैक्षणिक सामग्री छनोट गर्ने सीपको विकास गरेको पाइनुले उक्त कार्यक्रम प्रभावकारी रहेको देखिन्छ।

### ४.२.३ शिक्षण सिकाइ कियाकलाप र मूल्याङ्कन सम्बन्धमा

शिक्षण सिकाईको महत्वपूर्ण अंशको रूपमा शिक्षण सिकाई कियाकलापलाई लिने गरेको पाइन्छ। शैक्षिक उद्देश्य र सामग्री उपयुक्त भएतापनि शिक्षणमा प्रयोग गरीने विधि र कियाकलाप उपयुक्त भएनन भने शिक्षण सफल हुदैन। तसर्थ शिक्षणका विभिन्न विधिहरू मध्ये पाठ सँग मिल्ने विधि छनोट गरी यसलाई सफलतापूर्वक लागू गर्न त्यस अनुरूपका कियाकलाप गर्नुपर्छ र उपयुक्त सामग्रीको निर्माण र प्रयोग गर्नुपर्छ। यस शोध अध्ययन कार्यमा छात्र शिक्षकमा शिक्षण सिकाइ कियाकलाप र मूल्याङ्कनमा आएको परिवर्तन वा प्रभावबारे प्रतिकियादाताहरूबाट प्राप्त तथ्याङ्क विश्लेषण गर्दा अभ्यास शिक्षणको शुरूको अवस्था देखि अन्तिम अवस्था सम्म अध्ययन अवलोकन गर्दा यस कार्यक्रम मार्फत् छात्र शिक्षकको शिक्षण विधि छनोट गर्ने सीप तथा क्षमता वृद्धि भएको पाइयो । छात्र शिक्षकहरूले विद्यार्थीलाई पृष्ठपोषण दिने, कक्षाकोठा प्रवेश पश्चात् पाठ शुरु गर्ने तरीका,

पूर्वज्ञान जाँच, मूल्याङ्कनका साधन निर्माण र प्रयोग आदि जस्ता पक्षमा देखिएको सकारात्मक परिवर्तनले उक्त कार्यक्रम प्रभावकारी देखिएको पाइयो साथै पियाजेको ज्ञानात्मक सिद्धान्त बाल मनोविज्ञान अनुसार शिक्षण गर्न, पूर्व ज्ञान जाँच गर्न, शिक्षणमा उपयोग गरिने कुरा उल्लेख गरेको पाईन्छ जुन कुरा यस अध्ययनमा पनि प्रयोग भएकोले यो कार्यक्रम प्रभावकारी भएको देखिन्छ ।

यसबाट यो स्पष्ट हुन्छकि अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकमा परिपक्वता ल्याउनका साथै सैद्धान्तिक पक्षलाई व्यवहारिक एवम् सान्दर्भिक बनाउने र शिक्षण पेसामा संलग्न व्यक्तिलाई तालिम प्राप्त बनाउने गर्दछ । साथै उक्त कार्यक्रमले छात्र शिक्षकले शैक्षिकसत्र भरी कक्षाकोठामा सिमित गरेर सिकेका कुरा प्रदर्शन गर्न मौका दिने र उक्त कार्यक्रममा संलग्न विद्यार्थीहरूको सूक्ष्म अभ्यास शिक्षणदेखि शिक्षणको अन्तिम अवस्था सम्म शिक्षण सीप, उद्देश्य निर्माण, सामग्री निर्माण, मूल्याङ्कन प्रक्रिया जस्ता पक्षमा देखिएको सकारात्मक परिवर्तनले उक्त कार्यक्रम प्रभावकारी भएको पाइन्छ । र यस कार्यक्रमलाई अझै प्रभावकारी बनाउन यस कार्यक्रमको महत्व र स्पष्ट अवधारणा सम्बन्धित सबै पक्षमा जानकारी गराई सम्बन्धित निकाय वा व्यक्तिहरूले निरन्तर अनुगमन र पृष्ठपोषण प्रदान गरी उक्त कार्यक्रम प्रति सकारात्मक धारणा विकाश अझै गरे उक्त कार्यक्रमका प्रभावकारीता बढ्ने देखिन्छ ।

### ४.३. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा भएका समस्याहरू

अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको शोध कार्यमा उक्त कार्यक्रमको कार्यान्वयनमा आएका समस्याहरूलाई पहिचान गर्ने उद्देश्यले प्रतिक्रियादाताहरू बाट संकलन गरिएका समस्यासंग सम्वन्धित तथ्याङ्कहरूलाई विश्लेषण र व्याख्या गरिएको छ ।

#### ४.३.१ अभ्यास शिक्षण संग सम्बन्धित समस्या

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनमा आएका समस्याहरू पहिचान गर्ने उद्देश्य अनुरूप अभ्यास शिक्षण संग सम्बन्धित समस्याहरू पहिचान गर्न प्रतिक्रियादाताहरू बाट प्राप्त जानकारीअनुसार उ.मा.वि. हरूमा समयमानै उक्त कार्यक्रम संचालन सम्बन्धि निर्देशिका नपाउने गरेको पाइयो । उक्त कार्यक्रममा उचित नीति

निर्देशन पालन नगर्ने, समय अवधि छोटो, पूर्णाङ्क अनुसार कार्यक्रम नमिलेको जस्ता समस्याहरू पाइयो ।  साथै सहयोगी विद्यालयको अभाव सुपरिवेक्षण विषयगत नहुनुले पनि अभ्यास शिक्षण कार्यक्रममा समस्या रहेको पाइयो ।

### ४.३.२ कक्षा शिक्षण संग सम्बन्धित समस्या

यस शोध कार्यमा  अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनमा आएका कक्षा शिक्षण संग संवन्धित समस्याहरू पहिचान गर्न प्रतिक्रियादाताहरू बाट जानकारी अनुसार केही छात्र शिक्षकहरूमा पाठयोजना बनाउने कार्यमा विशिष्ट उद्देश्य निर्माण गर्दा उपयुक्त कियापद छनोट गर्ने र पाठलाई समेट्ने गरी उद्देश्य निर्माण गर्न कठिनाइ भएको पाइयो । त्यसैगरी शिक्षण सिकाई कियाकलापमा कतिपय छात्र शिक्षकलाई विद्यार्थीहरूले देखाएको असामाजिक व्यवहारका कारण प्रस्तुतिकरणमा  समस्या आएको पाइयो । छात्र शिक्षकहरूले शिक्षण कियाकलाप गर्दा कस्ता शिक्षण विधि छनोट गरी कियाकलाप गर्ने भन्ने जस्ता कुराहरुमा अन्यौलता सिर्जना भएकोले कक्षा शिक्षणमा समस्या रहेको पाइयो । यस्ता समस्याहरूलाई सुधार गर्न आन्तरिक सुपरिवेक्षणमा ध्यान दिनु पर्ने देखिन्छ ।

### ४.३.३ प्रश्नपत्र निर्माण सीप सम्बन्धि समस्या

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका प्रश्नपत्र निर्माण सीप सम्बन्धि समस्याहरू पहिचान गर्न प्रतिक्रियादाताहरू बाट प्राप्त जानकारी अनुसार अभ्यास शिक्षण कार्यक्रम संचालनको अवधिमा प्रश्नपत्र निर्माण गर्दा लामो उत्तर आउने प्रश्न र छोटो उत्तर आउने प्रश्न एउटै प्रकारको देखिने र वस्तुगत प्रश्नहरूको विकल्पहरू लेखनमा समस्या आएको देखियो ।

माथि उल्लेखित विश्लेषण र व्याख्याबाट यो भन्न सकिन्छ कि अभ्यास शिक्षण कार्यक्रममा  समयावधि छोटो हुने, व्यवस्थापन पक्षमा समस्या, उक्त कार्यक्रम प्रति नकारात्मक धारणाको विकास हुने, योजना निर्माण, प्रस्तुतिकरण, प्रश्न निर्माण जस्ता पक्षमा समस्या रहेको पाइयो र साउँदले २०६८ मा गरेको अध्ययनमा पनि अभ्यास शिक्षण संग सम्बन्धित यस्ता समस्याहरु रहेको पाइयो । यस्ता समस्याहरू समाधान गर्न  सम्बन्धित निकाय तथा व्यक्तिहरूले यस कार्यक्रमको बारे छात्र शिक्षकलाई सकारात्मक धारणको विकाश गराउने  गर्नु पर्छ । विषयगत रूपमा आन्तरिक सुपरिवेक्षक खटाई सुपरिवेक्षण तालिम तथा कार्यक्रमहरू गर्नु पर्ने देखिन्छ

# परिच्छेद-पाँच

## प्राप्ति निष्कर्ष र सुझावहरू

### ५.१ प्राप्तिहरू

कुनैपनि अध्ययन अनुसन्धान तथा खोजकार्यका निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हुन्छन । जब उक्त कार्यक्रमको लागि आवश्यक लगानी र प्रभावकारी रूपमा लगानी कार्यान्वयन हुन्छ तव मात्र ति उद्देश्यहरू प्राप्त गर्न सकिन्छ । यस शोध कार्यको मुख्य उद्देश्य उ.मा.वि.तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयको अवस्था पहिचान गर्नुमा केन्द्रित भएकोले यस कार्यक्रमलाई गहिरो रूपमा अध्ययन गर्दै यसका विभिन्न समस्या एवम् प्रभावकारिताको समेत अध्ययन गरियो । यस अध्ययनबाट प्राप्त भएका मुख्य - मुख्य प्राप्तिलाई निम्नानुसार उल्लेख गरिएको छ :-

#### ५.१.१ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धि प्राप्ति

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयन सम्बन्धि निम्नलिखित प्राप्ति भएको पाइयो : -

- अभ्यास शिक्षण कार्यक्रम नीतिगत प्रावधान अनुसार संचालन गरेको पाइयो ।
- अधिकांश उ.मा.वि.ले अभ्यास शिक्षण समिति गठन गरी उक्त समितिका सदस्यहरूले पाठ्यक्रम अनुसार अभ्यास शिक्षण कार्यक्रम संचालन गरेको पाइयो । केही उ.मा. वि. ले समिति नबनाई निश्चित व्यक्तिलाई कार्यक्रम संचालन गर्ने जिम्मेवारी दिई तोकिएका व्यक्तिहरूबाट नै पाठ्यक्रम अनुसार अ.शि.का. संचालन गरेको पाइयो ।
- औपचारिक रूपमा विद्यालय सहमति लिने सम्बन्धि निर्दिष्ट फारम निर्माण गरी उक्त फारम भर्न लगाई सम्बन्धित व्यक्ति संग सल्लाह छलफल गरी विद्यालय अनुमति लिने गरेको पाइयो । केही उ.मा. वि. ले भने सिधै विद्यालयलाई पत्राचार गरी सहमति लिने गरेको पाइयो ।
- उक्त कार्यक्रममा संलग्न छात्र शिक्षकको निरन्तर रूपमा सुपरिवेक्षण गरी पृष्ठपोषण दिने गरेको पाइयो । तर विषय शिक्षकले सुपरिवेक्षण नगरी एकै जनाले सबै छात्र शिक्षकको अवलोकन र सुपरिवेक्षण गर्ने भएकोले सुपरिवेक्षण कार्यक्रम प्रभावकारी नहुने पाइयो ।

- अ.शि.कार्यक्रम निर्देशिकाअनुसार सम्पूर्ण प्रक्रियाहरू अपनाएर संचालन गर्ने गरेको पाइयो ।
- अ.शि. कार्यक्रममा संलग्न अधिकांश छात्र शिक्षकहरूले पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो तर केहीले उक्त कार्यलाई नकारात्मक रूपबाट हेरी नियमित रूपमा पाठ योजना नबनाएको पाइयो ।
- अ.शि. कार्यक्रममा संलग्न अधिकांश छात्र शिक्षकहरूमा विशिष्ट उद्देश्य निर्माण गर्दा उपयुक्त कियापद छनोट र पाठलाई समेट्ने उद्देश्य निर्माण गर्न असफल भएको पाइयो ।
- छात्र शिक्षकहरूले शैक्षिक सामग्री र विधि छनोट उपयुक्त भएपनि समय कम भएकोले राम्ररी प्रदर्शन गरेर कियाकलाप नगरेको पाइयो ।
- शैक्षिक कियाकलाप र मूल्याङ्कन सम्बन्धमा अधिकांश शिक्षक सक्षम देखिएपनि केही छात्र शिक्षकले डर र विद्यार्थीका असामाजिक व्यवहारका कारण कियाकलाप र मूल्याङ्कन गर्न असक्षम रहेको देखियो ।

### ५.१.२ अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धि प्राप्ति

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारिता सम्बन्धि निम्नलिखित प्राप्ति भएको पाइयो :-

- अभ्यास शिक्षण कार्यक्रमबाट छात्र शिक्षकहरूको कक्षा व्यवस्थापन गर्ने सीपको विकास भएकोले उक्त कार्यक्रम प्रभावकारी भएको पाइयो ।
- छात्र शिक्षकहरूको शिक्षण सीपमा आएका व्यवहारिक परिवर्तनलाई हेर्दा छात्र शिक्षकहरूमा पाठयोजना निर्माण देखि लिएर शिक्षण कियाकलापका विभिन्न पक्षहरूमा सफलता प्राप्त गरेको पाइयो ।

### ५.१.३ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या सम्बन्धि प्राप्ति

यस शोध कार्यमा अभ्यास शिक्षण कार्यक्रममा देखापरेका समस्या सम्बन्धि निम्न लिखित प्राप्ति भएको पाइयो :-

- उक्त कार्यक्रम कार्यान्वयन गर्दा उचित नीति निर्देशन पालना नगर्ने, पूर्णाङ्क अनुसार समय नमिलेको, सहयोगी विद्यालयको अभाव, छोटो समयावधि जस्ता अभ्यास शिक्षण संग सम्बन्धित समस्या रहेको पाइयो ।
- छात्र शिक्षकहरूमा कक्षा शिक्षण गर्दा उद्देश्य निर्माणमा कियापद छनोट गर्न, पाठलाई समेट्ने गरी उद्देश्य निर्माण गर्न साथै कतिपयलाई प्रस्तुतिकरणमा समस्या भएको पाइयो ।
- अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनका क्रममा प्रश्नपत्र निर्माणमा लामो र छोटो उत्तर आउने प्रश्नको क्षेत्र निर्धारण गर्न र वस्तुगत प्रश्नहरूको विकल्प छनोट गर्न समस्या भएको पाइयो ।

## ५.२. निष्कर्ष

यो शोध कार्य "उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था" शिर्षकमा गरिएको छ । उ.मा. वि. तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था कस्तो छ ? पाठ्यक्रम केन्द्रित शिक्षण प्रक्रिया, उक्त कार्यक्रमको प्रभावकारिता र कार्यक्रममा देखिएका समस्या केलाउनु यस अध्ययनको उद्देश्य रहेको थियो । उक्त उद्देश्यमा गरिएको खोज कार्यमा खुला प्रश्नावली र अन्तर्वार्ता निर्देशिका प्रयोग गरी प्राचार्य तथा संयोजक, छात्र शिक्षक, अ.शि.स.सदस्य, विद्यालय सुपरिवेक्षक संग तथ्याङ्क संकलन गर्नुका साथै आवश्यकता अनुसार दस्तावेज अध्ययनबाट पनि तथ्याङ्क संकलन गरी विश्लेषण र व्याख्या गर्दा निम्न निष्कर्षमा पुगियो -

अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्थालाई हेर्दा नीतिगत प्रावधान अनुसार अभ्यास शिक्षण समिति निर्माण गरी उक्त समितिले कार्यक्रम निर्देशिका अनुसार कार्यक्रम संचालन गराएको पाइयो । उक्त कार्यक्रम कार्यान्वयनमा छात्र शिक्षकहरूले अभ्यास शिक्षणका विभिन्न पक्षहरूलाई ध्यान दिएर सबै प्रक्रियाहरू अवलम्बन गरी शिक्षण गरेको पाइयो भने केही छात्र शिक्षकहरूले भने सम्पूर्ण प्रक्रियालाई अवलम्वन नगरी झारो टार्ने कार्यको रूपमा लिएको पाइयो ।

अभ्यास शिक्षण कार्यक्रमको प्रभावकारितालाई हेर्दा छात्र शिक्षकहरूले पाठ्यक्रम भित्र रहेर शिक्षण गर्दै आएको पाइयो साथै उनीहरूमा कक्षा व्यवस्थापन, उद्देश्य निर्माण,

शैक्षिक सामग्री निर्माण, विधि छनोट, प्रस्तुतिकरण, मूल्याङ्कन गर्ने सीपमा देखिएको परिवर्तनले उक्त कार्यक्रम प्रभावकारी रहेको पाइयो ।

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरूलाई हेर्दा पूर्णाङ्कअनुसार समय नमिलेको, छोटो समय, सहयोगी विद्यालयको अभाव हुने, विषयगत सुपरिवेक्षकको अभावले छात्र शिक्षकले पाठलाई समेटेर उद्देश्य निर्माण गर्न नसक्ने, उद्देश्य निर्माणमा क्रियापद छनोट गर्न कठिनाइ हुने र प्रश्न निर्माण साथै कतिपयलाई प्रस्तुतिकरणमा समस्या भएको देखियो ।

समग्रमा हेर्दा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वनबाट उद्देश्य निर्माण, सामग्री निर्माण र प्रयोग, विधि छनोट, प्रस्तुतिकरण, मूल्याङ्कन जस्ता सीपमा परिवर्तन भएर कार्यक्रम प्रभावकारी भएको पाएतापनि समयमा पाठ्यक्रम उपलव्ध नहुने, विद्यालयको अभाव, विषयगत सुपरिवेक्षणको अभावले उपयुक्त पृष्ठपोषण प्राप्त नहुनु आदि जस्ता पक्षहरूले कार्यक्रम जति प्रभावकारी हुनु पर्ने हो त्यति नभएको पाइयो ।

### ५.३ सुझावहरू

कुनैपनि कार्यक्रम कार्यान्वयन गरिसकेपछि त्यस कार्यक्रमका सवल पक्षहरू र दुर्वल पक्षहरूको मूल्याङ्कन गर्दै आगामी दिनहरूमा प्रभावकारी ढंगबाट संचालन गर्न सकियोस भन्ने आशाका साथ आवश्यक सुझावहरू पेश गर्न आवश्यक ठानी यस अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ -

- अभ्यास शिक्षणको पाठ्यांशलाई निश्चित समय भित्र उ.मा.वि.हरूमा उपलव्ध गराउने व्यवस्था उ.मा.शि.प.ले गर्ने ।
- उक्त कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन निश्चित नीति निर्देशनको तय गरी कार्यान्वयनमा ध्यान दिनु पर्ने ।
- अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरूलाई प्रभावकारी ढंगमा ज्ञान,सीप हासिल हुन सक्ने गरी सूक्ष्म अभ्यास शिक्षणलाई अझ वढी निरन्तरता दिने साथै अध्ययन अवधिमा पनि हप्ता-हप्तामा साथीहरू बीचमा शिक्षण गर्ने खालको वातावरण सिर्जना गरिनुपर्ने ।
- यस कार्यक्रमलाई प्रभावकारी रूपमा सम्पन्न गर्न उत्कृष्ट कार्य गर्ने छात्र शिक्षकलाई आर्थिक वा अन्य तवरबाट प्रोत्साहन गरिनु पर्छ ।

- विषयगत रूपमा शिक्षण विधिको ज्ञान भएको दक्ष शिक्षकबाट सुपरिवेक्षण गराइनु पर्दछ ।
- उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रमलाई अन्य प्राविधिक तथा व्यवसायिक विषयमा जस्तो अध्ययन अवधिको विच-विचमा प्रयोग गर्ने व्यवस्था मिलाउने नीति अवलम्वन गरिनु पर्दछ ।
- सहयोगी विद्यालयका प्र.अ. तथा विषय शिक्षकको निगरानीमा छात्र शिक्षकले अध्यापन गर्नु पर्दछ ।
- अभ्यास शिक्षण कार्यक्रम प्रति समाज र विद्यार्थीहरूमा सकारात्मक धारणाको विकास गराउनु पर्दछ ।
- अभ्यास शिक्षण समिति तथा सम्बन्धित निकायले सुपरिवेक्षक तथा छात्र शिक्षकहरूले गरेका कार्यहरूको निरन्तर अनुगमन गरी आवश्यक सल्लाह र सुझाव प्रस्तुत गर्नु पर्दछ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णु प्रसाद (२०६७), *वृहत शैक्षिक सामान्य ज्ञान, बागबजार,* काठमाडौंः आशिष बुक्स हाउस प्रा.लि ।

अधिकारी, विष्णुप्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* बागबजार, काठमाडौंः आशिष पुस्तक भण्डार

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाडौंः सनलाइट पब्लिकेशन ।

जनता नवप्रवर्तन मञ्च कार्य समिति (२०६८), *नवप्रवर्तन, इटहरी* : जनता वहुमूखि क्याम्पस ।

ठाकुर, जिवछ (२०६७), *अभ्यास शिक्षण पूस्तिका,* धरानः एन.वि.डि. प्रकाशन ।

थापा, एन. पी. (२०६३), *शिक्षाशास्त्र र नेपालमा शिक्षा, मातातिर्थ* , काठमाडौंः वौद्धिक संसार ।

धमला, रुद्धकुमार र विष्ट, सुरेन्द्र बहादुर(२०६८), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौंः चौलानी पब्लिकेशन ।

पराजुलि, हरी प्रसाद (२०६८), *उच्च माध्यमिक विद्यालयमा शिक्षा र व्यवस्थापन विषय अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलना, अप्रकाशित सोधपत्र,* इटहरीः जनता वहुमूखी क्याम्पस ।

पोखेल, मुकेश (२०६९), *शिक्षक मासिक, जावलाखेल,* ललितपुर (वर्ष ५, पूर्णाङ्क ४९)

बास्तोला, भेषराज (२०६२), *प्राथमिक शिक्षक तालीमले शिक्षण सिकाईमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, काठमाडौंः त्रि.वि. कीर्तिपुर ।

बिष्ट, दिपेन्द्र (२०६०), *शिक्षक तालीम बारे एक झलक,* काठमाडौंः अर्न्तराष्ट्रीय शैक्षिक मञ्च (वर्ष २, अङ्क १, पूर्णाङ्क ७) ।

भट्ट, टिकेन्द्र प्रसाद (२०६८), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान,* काठमाडौंः हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा.लि ।

भण्डारी, विन्दु (२०६७), शिक्षाः *शिक्षकको शिक्षण सीप,* काठमाडौं शिक्षा मन्त्रालय ।

भण्डारी, मुकुन्दप्रसाद र साथीहरु (२०६६), *शैक्षिक मनोविज्ञान,* काठमाडौं: अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

लुइटेल, डिल्लीराम र साथीहरु (२०६८), *माध्यमिक शिक्षक प्रतियोगिता दिग्दर्शन,* बागबजार, काठमाडौं: मकालु प्रकाशन गृह ।

शर्मा, ईन्द्रलाल (२०६८), अभ्यास शिक्षण कार्यक्रम संचालन सहयोगी पुस्तिका काठमाडौं: डीनको कार्यलय परीक्षा शाखा, त्रि.वि. कीर्तिपुर ।

शर्मा, गोपीनाथ (२०६६),शिक्षा आयोगका प्रतिवेदनहरु, डिल्लीबजार काठमाडौं: मकालु प्रकाशन गृह ।

शर्मा, गोपीनाथ(२०६८), *नेपालमा शिक्षाको इतिहास,* डिल्लीबजार, काठमाडौः मकालु प्रकाशन गृह ।

शर्मा, नेत्रप्रसाद (२०५८), *अभ्यास शिक्षण निर्देशिका तथा पाठयोजना पुस्तिका,* नयाँबजार, किर्तीपुरः क्षितिज प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०६६), *शिक्षाका आधार, भोटाहिटी,* काठमाडौं: एम.के. पव्लिशर्स एण्ड डिषट्रिव्युटर्स ।

शर्मा एण्ड शर्मा (२०५५), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, भोटाहिटी, काठमाडौं: एम.के. पव्लिशर्स एण्ड डिषट्रिव्युटर्स ।

साउँद, मोहन बहादुर (२०६८), *उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यन्वयनको अवस्थाः* अप्रकाशित शोधपत्र, काठमाडौं त्रि.वि. कीर्तिपुर ।

Best and khan (1965), *Research methodology in educaton* (7th ed.): New Delhi: Prentice Hall of India pvt. Ltd.

Singh, A. K. (1986): *Test measurement and Reasearch method in behavoural science*. New Delhi: Tata graw hill publishing co. ltd.

## अनुसूचि-१
## छात्र शिक्षकको लागि तयार गरिएको खुला प्रश्नावली

विद्यालयको नाम :-　　　　ठेगाना :-

शिक्षकको नाम :-　　　　मिति :-

पढाउनु भएको कक्षा :-

पढाउनु भएको विषय :-

१. अभ्यास शिक्षणको लागि पहिलो पटक कक्षामा प्रवेश गर्दा कस्तो अनुभव भयो ?

२. तपाई कुन-कुन विषय पढाउनु हुन्छ ?

३. अभ्यास शिक्षण पूर्व सूक्ष्म शिक्षण गर्नु भएको थियो ?

४. शिक्षण गर्दा पाठ्योजना निर्माण गर्नु हुन्छ ?

५. पाठ्योजना कहिले बनाउनु हुन्छ ?

६. पाठ्योजना बनाउँदा तपाईलाइ के-के समस्या आएका छन् ?

७. तपाई पिरियड भरिमा विद्यार्थीहरुलाई क्रियाकलाप गर्न कति समय दिनु हुन्छ ?

८. तपाईको कक्षा शिक्षणमा कति प्रतिशत विद्यार्थी क्रियाकलाप गर्न उत्सुक हुन्छन् ?

९. अभ्यास शिक्षण कार्यमा शिक्षण विधिको प्रयोगमा कुनै समस्या छ ?

१०. अभ्यास शिक्षण कार्यक्रममा जम्मा कति दिन शिक्षण गर्नु भयो ?

११. तपाइलाई अभ्यास शिक्षणको समयवधिमा कस्तो किसिमको समस्या पऱ्यो ?

१२. उक्त समस्या समाधान गर्न कस्तो उपाय अपनाउनु हुन्छ ?

१३. अभ्यास शिक्षणले तपाइको शिक्षण शैलीमा के कस्तो सुधार गरेको छ ?

१४. तपाईले पढाउदा विषय शिक्षक पनि कक्षाकोठामा बस्नु हुन्छ ?

१५. हप्तामा कतिपटक सूपरीवेक्षक आउनु हुन्छ ?

१६. कक्षा अवलोकन पश्चात सुपरीवेक्षकले तपाईलाई सल्लाह सुझाव दिनु हुन्छ की हुन्न ?

१७. तपाईले सुपरीवेक्षकको सल्लाह अनुसार शिक्षण गर्नु भएको छ ?

१८. तपाईलाई आफ्नो अभ्यास शिक्षण अवधिमा लागेका राम्रा कुरा के के हुन् ?

१९. अभ्यास शिक्षणमा तपाईका कमजोर पक्ष के-के हुन् ?

२०. तपाईले अध्यापन अवधिभर कतिवटा पाठ्योजना बनाउनु भयो ?

२१. अभ्यास शिक्षण कार्यक्रमको कार्यन्वयन पक्ष कस्तो लाग्यो ?

२२. उक्त कार्यक्रमबाट तपाईले के कस्तो फाइदा प्राप्त गर्नु भयो ?

## अनुसूचि-२

## अभ्यास शिक्षण समितिका सदस्यहरुलाई तयार पारीएका खुला प्रश्नावली

उच्च माध्यामिक विद्यालयको नामः- ठेगानाः-

समितिका सदस्यको नामः- अनुभवः-

शैक्षिक योग्यताः-

१.तपाई कहिले देखि अभ्यास शिक्षण समितिमा रहनुभएको छ ?

२. उक्त कार्य समितिमा रहेर तपाईको अनुभव कस्तो रहेको छ ?

३. सहयोगी विद्यालयसँग अनुमति लिने के कस्तो व्यवस्था छ ?

४. अभ्यास शिक्षण कार्यक्रमको कार्यतालिका कसले निर्माण गरेको छ र कसरी सञ्चालन गरिन्छ ?

५. उक्त समितिमा कार्यरत रहँदा तपाईले के कस्ता समस्याहरु भोग्नु परेको छ ?

६. विभिन्न उच्च मा.वि.बाट एकै साथ विद्यार्थीहरु विद्यालयमा पठाउँदा आउन सक्ने समस्याहरुको समाधान गर्न के गर्न सकिएला ?

७. सहयोगी विद्यालयले कहिले काँहि विद्यार्थीहरु फिर्ता पठाएका पनि छन् ?

८. तपाई अभ्यास शिक्षण समितिको सदस्य भएको नाताले यस कार्यकमको महत्वलाई कसरी हेर्नु भएको छ ?

९. के तपाई शिक्षण पेसामा लाग्नु अगाडी शिक्षण गरिनु जरुरी ठान्नु हुन्छ ?

१०. के अभ्यास शिक्षण कार्यक्रमबाट शैक्षणिक उद्देश्य प्राप्त गर्न सकिन्छ ?

११. के अभ्यास शिक्षण पाठ्यक्रम अनुरूप सञ्चालन भएको छ ?

१२. अभ्यास शिक्षण कार्यक्रमबाट शिक्षकमा सकारात्मक ज्ञान र सिप विकाश हुन्छ ?

१३. के छात्र शिक्षकहरुले अभ्यास शिक्षणका प्रक्रियाहरु अपनाएका छन् ?

१४. तपाईले सुपरीवेक्षणमा कतिको ध्यान दिनु भएको छ ?

१५. यस कार्यक्रमलाई व्यवस्थित गर्न कुन पक्षमा ध्यान दिनुपर्ला ?

१६. आन्तरिक सुपरिवेक्षण अभ्यास शिक्षणको अवधिमा कति पटक सम्म गर्ने गर्नु भएको छ ?

१७. सहयोगी विद्यालयले अभ्यास शिक्षणमा खटिएका छात्र शिक्षकलाई शिक्षण कार्यक्रममा कतिको समय उपलब्ध गराएको छ ?

१८. अभ्यास शिक्षण कार्यन्वयनमा के कस्ता समस्याहरु पाउनु भएको छ ?

१९. यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के-के गर्नुपर्ला ?

२०. अन्त्यमा यस कार्यक्रम प्रति तपाईको केही राय सल्लाह छ ?

## अनुसूचि-३
## प्राचार्य /संयोजकहरुका लागी तयार पारिएको अन्तर्वार्ता निर्देशिका

उच्चमाध्यमिक विद्यालयको नामः- ठेगानाः-

प्राचार्य /संयोजकको नामः- मितिः-

शैक्षिक योग्यताः-

१. तपाईको उच्चमाध्यमिक विद्यालयमा कति विद्यार्थीहरु छन् ?

२. शिक्षा संकायका कुन-कुन विषय पठन पाठन हुदै आएको छ ?

३.अभ्यास शिक्षणको लागि समिति गठन भएको छ ? छ भने कति जना सदस्यहरु हुनु हुन्छ ?

४. अभ्यास शिक्षण समिति गठन भएको छैन भने कसरी उक्त कार्यक्रम सञ्चालन गर्नु हुन्छ ?

५. अभ्यास शिक्षण कार्यक्रम पाठ्यकम निर्देशिका अनुसार गर्नु हुन्छ की आफ्नै तरीका अनुसार गराउनु हुन्छ ?

६. उक्त कार्यक्रम मार्फत छात्र शिक्षकहरुमा के-कस्ता शिक्षण सीपको विकास भएको पाउनु हुन्छ ?

७. छात्र शिक्षकहरुले शिक्षणका सवै प्रकियाहरु अपनाएको पाउनु भएको छ ?

८. अभ्यास शिक्षण कार्यक्रम कार्यन्वयनमा तपाइले के-कस्ता समस्याहरु पाउनु भएको छ ?

९. उच्च माध्यमिक शिक्षा संचालन भएका सवै विद्यालयले अभ्यास शिक्षण कार्यक्रम संचालन गर्दै आएका छन् ?

१०. के अभ्यास शिक्षण कार्यक्रमले छात्र शिक्षकहरुको व्यवहार परिवर्तन गर्न सकेको छ ?

११. यस कार्यक्रमलाई व्यवस्थित गर्न कुन-कुन पक्षमा ध्यान दिनु पर्छ ?

१२. सहयोगी विद्यालयसँग अनुमति लिने के कस्तो व्यवस्था रहेको छ ?

## अनुसूचि-४
## विद्यालय सुपरीवेक्षकका लागि तयार गरीएको अन्तर्वार्ता निर्देशिका

सहयोगी विद्यालयको नामः-                    ठेगानाः-

सुपरिवेक्षकको नामः-                    मितिः-

शैक्षिक योग्यताः-

१. कुन कुन उच्च मा.वि बाट तपाईको विद्यालयमा छात्र शिक्षक आउनु हुन्छ ?

२. तपाईको विद्यालयमा अभ्यास शिक्षणका लागी कति जना छात्र शिक्षकहरु आउनुभएको छ ?

३. एक साथ दुई वा सो भन्दा वढी उच्च मा.वि बाट छात्र शिक्षक आएमा कसरी कक्षा व्यवस्थापन गर्नु हुन्छ ?

४. तपाईको विद्यालयमा आएका छात्र शिक्षकलाई शिक्षणका लागी कतिको समय उपलब्ध गराउनु भएको छ ?

५. तपाई छात्र शिक्षकहरुको कक्षा अवलोकन गर्नु हुन्छ की हुन्न ? गर्नु हुन्छ भने कसरी ?

६. तपाई कक्षा सूपरीवेक्षणमा कतिको ध्यान दिनुहुन्छ ?

७. विद्यालय सुपरिवेक्षक भए बापत थप केहि सुविधा छ ? छ भने कस्तो सुविधा छ ?

८. कक्षा अवलोकनबाट उक्त कार्यक्रम पाठ्यकम केन्द्रीत भएको पाउनु भयो ?

९. अभ्यास शिक्षण कार्यक्रममा छात्र शिक्षकहरुले दैनिक पाठ्योजना निर्माण गरेको पाउनु भएको छ ?

१०. तपाई अभ्यास शिक्षणमा आएका छात्र शिक्षकलाई कसरी सहयोग गर्नुहुन्छ ?

११.अभ्यास शिक्षणमा आएका छात्र शिक्षकले कति समय शिक्षण गर्ने गरेको पाउनु भएको छ ?

१२. अभ्यास शिक्षण कार्यक्रममा के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

१३. यस कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

१४. यस कार्यक्रम प्रति तपाईका केही सुझाव छन् ?

## अनुसूचि-५

क) नमुना छनोटमा परेका उच्च मा.वि., प्राचार्य तथा संयोजक र अ.शि.स. सदस्यहरुको नामावली

| क.स. | उ.मा.वि. | प्राचार्य/संयोजक | अ.शि.स.सदस्य |
|---|---|---|---|
| १ | कोशी सेन्ट जेम्स कलेज | श्री मुकुन्द घिमिरे | श्री विमल नेपाल |
| २ | जनता बहुमुखी क्याम्पस इटहरी | श्री उपेन्द्र कुमार राई | श्री केशव प्र. भट्टराई |
| ३ | शिक्षा सदन उ.मा.वि. धरान | श्री अम्बिका कुमार सम्बाहाम्फे | श्री ध्रुव पोखेल |
| ४ | एम्स एकेडेमी धरान | श्री मित्र तामाङ् | श्री चन्द्रकला ओझा |

ख) नमुना छनोटमा परेका सहयोगी विद्यालय र विद्यालय सुपरिवेक्षकको नामावलि

| क.स. | सहयागी विद्यालय | विद्यालय सुपरिवेक्षक |
|---|---|---|
| १. | श्री लक्ष्मी नि.मा.वि. इटहरी | श्री पुष्पा काफ्ले |
| २. | श्री सरस्वती सतन मा.वि. इटहरी | श्री इन्द्र नारायण चौधरी |
| ३. | श्री बद्रीनाथ प्रा.वि. धरान | श्री इन्द्रदेव पोखेल |
| ४. | श्री भानु स्मृति मा. वि. धरान | श्री खेम ब. अधिकारी |

## अनुसुचि - ६

नमुना छनोटमा परेका उ.मा.वि. का छात्र शिक्षकहरुको नामावली

| क.स. | छात्र शिक्षकको नाम | उ.मा. वि. को नाम |
|---|---|---|
| १ | अनिल तामाङ | शिक्षा सदन उ.मा.वि. धरान |
| २ | विष्णु कुमार मगर | शिक्षा सदन उ.मा.वि. धरान |
| ३ | माया तामाङ | शिक्षा सदन उ.मा.वि. धरान |
| ४ | विनय राई | शिक्षा सदन उ.मा.वि. धरान |
| ५ | फुलमाया लिम्बु | शिक्षा सदन उ.मा.वि. धरान |
| ६ | रविना थापा | एम्स एकेडेमी धरान |
| ७ | यज्ञ ब. लिम्बु | एम्स एकेडेमी धरान |
| ८ | हेम कु. राई | एम्स एकेडेमी धरान |
| ९ | बिकी श्रेष्ठ | एम्स एकेडेमी धरान |
| १० | विद्याता राई | एम्स एकेडेमी धरान |
| ११ | सजुन पोखेल | कोशी सेन्ट जेम्स इटहरी |
| १२ | रुपेश कार्की | कोशी सेन्ट जेम्स इटहरी |
| १३ | प्रमिला राई | कोशी सेन्ट जेम्स इटहरी |
| १४ | सुजता कटुवाल | कोशी सेन्ट जेम्स इटहरी |
| १५ | भगतलाल हरिजन | कोशी सेन्ट जेम्स इटहरी |
| १६ | उर्मिला मगर | जनता ब.क्या. इटहरी |
| १७ | यशोदा बस्नेत | जनता ब.क्या. इटहरी |
| १८ | निर्मला बस्नेत | जनता ब.क्या. इटहरी |
| १९ | ममता चापागाँई | जनता ब.क्या. इटहरी |
| २० | अस्मिता घिमिरे | जनता ब.क्या. इटहरी |